# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष २ अङ्क २९ पूर्णाङ्क ७८ | २०७४ माघ ८ गते सोमबार | Monday, 22 January 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## जनमुक्ति सेनाका सदस्य विकप्रति हार्दिक श्रद्धाञ्जली



कञ्चनपुर । दशवर्षे जनयुद्धताकाका जनमुक्ति सेनाका सदस्य रहेका र हाल नेकपा (क्रान्तिकारी माओवादी)का कंचनपुर सदस्य रहेका भोजराज विकको पौष ३० गते निधन भएको छ । विगत लामो समयदेखि मृगौला रोगबाट ग्रस्त रहँदै आएका विकको अल्पायुमै निधन हुन पुगेको हो । हाम्रा कंचनपुर सहकर्मी धनञ्जय ...बाँकी ७ पेजमा

## छपकैया प्रकरणमा मुकदर्शक सरकार

# ‘सिक्किमीकरणको गम्भीर खतरा’

● वर्गदृष्टि संवाददाता

काठमाडौं । वीरगञ्ज नगरपालिकाको छपकैया क्षेत्रमा भारतले सीमास्तम्भ मर्मत र पुनर्निर्माणका बहानामा नेपालीहरूको भोगचलनमा रहेको ५० विघा जमिन मिचेको विरोध भइरहेको छ । क्रान्तिकारी माओवादीलगायत केही विद्यार्थी संगठन र देशभक्तहरूले विरोध गरे पनि सरकार, ठूला भनिएका पार्टीहरू कांग्रेस, एमाले र माकेलगायतका पार्टीहरू भने मुकदर्शक बनिरहेका छन् । अचम्म त के भएको छ भने भारतीयपक्षले यसरी सीमा मिचेको भनेर स्थानीय जनताले लालपुर्जा देखाएर जमिन फिर्ता गरि दिन हारगुहार गरिरहँदा नेपाल सरकारका नापी विभागका कर्मचारीहरू भने भारतीय शासकवर्गका प्रवक्ता बनिरहेका छन् र भनिरहेका छन्- जमिन मिचिएको छैन । १७५१ मिटरमा फैलिएको भारतसँग सीमा जोडिएको २८ जिल्लामध्ये २२ जिल्लाको ८७ स्थानमा भारतीय पक्षले नेपालको सीमा मिचेको सीमाविद्हरूले उल्लेख गरेका छन् । भारतले सीमा अतिक्रमण गरेका यस्ता घटनाहरू सार्वजनिक भइरहँदा नेपाल सरकारका जिम्मेवार कर्मचारीहरू भारतको बचाव लागिपर्नु र अतिक्रमणका विरुद्ध जनताको विरोधको स्वर मलिन हुनुले सिक्किमीकरणको खतरालाई संकेत गरेको नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले टिप्पणी गर्नुभएको छ । वर्गदृष्टिसँग कुरा गर्दै उहाँले भन्नुभएको छ, ‘भारतीय दलाल पार्टीहरूको प्रभावमा परेर जनता पनि सीमा यसरी मिचिदा चिन्तित नदेखिनु निकै गम्भीर कुरा हो । यसले मुलुकलाई सिक्किमीकरण गर्न ठूलो मलजल पुऱ्याइरहेको छ ।’ यसैगरी क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह लेख्नुहुन्छ, ‘विस्तारवादीहरू, साम्राज्यवादीहरू हरेक देशमा आफ्नो दलाल तयार पर्दछन् । त्यस प्रकारका दलालहरूबाट देशको सार्वभौमिकता नै खत्तम भएका उदाहरणहरू छन् । सिक्किमलाई भारतमा विलय गराएको उदाहरण हाम्रो अगाडि ताजै छ । कतिपय कर्मचारीहरू पनि बिक्री भएका र आफ्नो देश र जनताको पक्षमा नभएर पराइ देश र मुठ्ठीभर शोषकवर्गको वकालत गरेका उदाहरणहरू छन् ।’




**छपकैयाको यस्तो छ वास्तविकता**

अहिले नेपाल र भारतबीच उच्चस्तरीय सहमतिबाट हराएका र क्षतिग्रस्त पिलर निर्माण र मर्मतको क्रम चलिरहेको छ । नेपालतर्फ सर्भे विभागकै टोली र भारततर्फ सीमा सुरक्षा बल (एसएसबी)ले निर्माणको जिम्मा पाएको छ । एसएसबीले वीरगन्ज महानगरपालिका-१ छपकैयामा सहायक स्तम्भ नेपालतिर सारेर नेपाली भूमि मिचेको स्थानीयले गुनासो गरेका छन् । छपकैया क्षेत्रमा १२ जनाभन्दा बढी स्थानीयको नम्बरीसहित झन्डै ५० बिघा जमिन मिचिएको स्थानीयको दाबी छ । मुख्य स्तम्भ ३९१ र ३९२ रहेको सो क्षेत्रमा ३९२ नम्बर मुख्य स्तम्भको सहायक स्तम्भ निर्माणको क्रममा नेपाली नम्बरी, ऐलानी र पर्ती जग्गा भारततर्फ परेको स्थानीयको भनाइ छ । स्थानीयका अनुसार स्तम्भ नम्बर ३९२ को ६, ७ र ८ तथा २६ देखि २९ नम्बरको सहायक स्तम्भ निर्माणका क्रममा नेपालको भू-भाग मिचिएको छ ।

वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गामा पिलर गाड्नलाई खाल्डो खनेपछि आफूहरू ...बाँकी ७ पेजमा

## क्रान्तिकारी ट्रेड यूनियन महासंघले तीन महिने अभियान चलाउने

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले तीन महिने संगठन विस्तार तथा सुदृढीकरण अभियान चलाउने भएको छ । माघ ३ गत्ते पार्टी कार्यालय बुद्धनगरमा बसेको महासंघको केन्द्रीय समितिको सचिवालय बैठकले यस्तो निर्णय गरेको हो । बैठकले मजदुर आन्दोलनमा देखा पर्दै गएको गत्यावरोधलाई चिर्दै नयाँ आधारमा संगठन पुनर्गठन, सुदृढीकरण र विस्तार गर्ने आधारभूत लक्ष्य हासिल गर्न तीन महिने अभियान अगाडि बढाउने निर्णय गरेको महासंघका संयोजक इश्वर तिमिल्सिनाले बताउनु भयो ।

बैठकले सातवटै प्रदेशमा प्रदेश र जिल्ला स्तरीय संरचना निर्माण गर्ने, घटक संघहरूका केन्द्रीय समितिहरूको गठन, पुर्नगठन तथा साधारण सदस्यता विवरणका लागि आवश्यक व्यवस्थापकीय काम गर्ने, विभिन्न पेशाबाट सहभागितासहित जिल्ला महासंघ निर्माण गर्ने, जिल्ला महासंघ मातहत रहेका घटक संघहरू मध्येबाट आवश्यकता अनुसार इकाई वा प्रतिष्ठान स्तरीय संरचना निर्माण गरी प्रचारात्मक आन्दोलन गर्न पहल अगाडि बढाउने निर्णय गरिएको छ ।

बैठकले चैत्र मसान्तसम्म महासंघको राष्ट्रिय भेला सम्पन्न गर्ने निर्णय गर्दै त्यसका लागि १ नं. प्रदेश माघ १५ गते, २ नं. प्रदेश माघ १७ गते, ३ नं. प्रदेश माघ १९ ...बाँकी ८ पेजमा

## जिल्ला-जिल्लामा यसरी गरिरहेको छ क्रान्तिकारी माओवादीले अभियानको तयारी

### ३ नं. प्रदेशले यसरी गरिरहेको छ तयारी

काठमाडौं । पार्टी महासचिव किरणको प्रमुख आतिथ्यमा तथा स्थायी समिति सदस्य राजबीरको उपस्थितिमा पौष १५-१६ मा प्रदेशको बैठक प्रशिक्षणबाट तीन महिने अभियान थालेको नेकपा (क्रान्तिकारी माओवादी)को ३ नं. प्रदेशले अहिले प्रदेशन्तर्गतका अधिकांश जिल्लाका बैठक प्रशिक्षण सम्पन्न गरिसकेको छ ।

पार्टीका ३ नं. प्रदेश सचिव सागरले दिएको जानकारी अनुसार प्रदेशभित्र काठमाडौं/ललितपुर/भक्तपुरलाई एउटा, चितवन, मनवानपुर, धादिङ, नुवाकोट र रसुवालाई दोस्रो र काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुलीलाई तेस्रो गरी तीनवटा क्षेत्रमा ...बाँकी ८ पेजमा

### नेवा मोर्चाको बैठक सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेवा राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय समितिको सचिवालयको बैठक ३ माघमा सम्पन्न भएको छ । पार्टी कार्यालय बुद्धनगरमा सम्पन्न भएको मोर्चाको बैठकले पार्टीको तीन महिने संगठन तथा जनपरिचालन अभियानसँगै मोर्चाले पनि आफ्नो अभियान सञ्चालन गर्ने भएको छ । बैठकले मोर्चाको स्थानीय तहसम्म संगठन विस्तार गर्ने जनाएको छ । सोही क्रममा चेत्र १५ गतेसम्म स्थानीय तहका ...बाँकी ८ पेजमा

## तीन पार्टीसँग एकताको लागि क्रान्तिकारी माओवादीले ठोस पहल गर्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले नेत्रविक्रम चन्द‘ विप्लव’द्वारा नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टी, मोहनविक्रम सिंहद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टी (मसाल) तथा ऋषि कट्टेलद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टीसहितका संगठनहरू र विभिन्न ठाउँमा छितरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरूसित पार्टी एकताका लागि ठोस पहल गर्ने भएको छ । पार्टीको माघ २ र ३ मा बसेको स्थायी समितिको बैठकले पार्टी एकताको लागि ठोस आधार तयार पार्ने वार्ता टोली बनाउने निर्णय गरेको छ ।

बैठकले लिएका निर्णयहरूका बारेमा पार्टी महासचिव मोहन वैद्य‘ किरण’ले बुधबार जारी गरेको वक्तव्यमा भनिएको छ,‘ पश्चगामी राज्यसत्ता तथा व्यवस्थाको प्रभुत्व कायम रहिआएको र दक्षिणपन्थी संशोधनवादको हैकम बढ्दै गएको अवस्थामा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्ने नीति, कार्यक्रम तथा उद्देश्य अवलम्बन गरेका क्रान्तिकारी कम्युनिस्ट समूह तथा व्यक्तित्वहरूलाई एकताबद्ध गर्नु आजको ऐतिहासिक आवश्यकता हो ।’

बैठकले उल्लेखित पार्टीहरूसित राष्ट्रियता, जनतन्त्र तथा जनजीविका लगायतका ठोस ...बाँकी ८ पेजमा

## ‘क्रान्तिकारी युवाहरू वैकल्पिक शक्ति’

● वर्गदृष्टि संवाददाता

इटहरी । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग (आरवाइएल)को १ नं. प्रदेशको प्रथम भेलालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले क्रान्तिकारी युवाहरू वैकल्पिक शक्तिको रूपमा अगाडि आउनु पर्ने विचार व्यक्त गर्नुभएको छ । नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्ने उद्देश्य राखेर गरिएको दशवर्षे लामो जनयुद्ध तत्कालीन नेतृत्वले गरेको धोका र गद्दारीका कारण छिन्नभिन्न हुन पुगेको चर्चा गर्दै प्रतिक्रान्ति हावी हुन पुगेको वर्तमान अवस्थामा क्रान्तिमा युवाहरूको खडेरी परिरहेको छ भन्नुहुँदै अध्यक्ष गजुरेलले फेरि पनि मुलुकमा पुनस्थापित हुन पुगेकोले संसदीय व्यवस्थालाई उखेलेर फाल्न र नयाँ जनवादी क्रान्तिको कोर्स पूरा गर्न क्रान्तिकारी युवाहरू क्रान्तिमा लामबद्ध हुनुपर्ने आवश्यकता औंल्याउनु भयो ।

संसारभर छरिएर रहेका परिवर्तनका पक्षधर युवाहरूलाई संगठित गरी क्रान्तिको प्रक्रियामा अगाडि बढाउन आरवाइएलले तीन महिने अभियान थालिसकेको प्रशंग उल्लेख गर्दै अध्यक्ष गजुरेलले परितर्वन चाहने युवाहरूलाई आरवाइएलमा संगठित भएर क्रान्तिमा लामबद्ध हुन आव्हान पनि गर्नुभयो ।

उक्त भेलामा क्रान्तिकारी माओवादीका ...बाँकी ८ पेजमा

## ओलीलाई दिल्लीमा स्वागत गर्न मोदी आतुर

काठमाडौं । पदभार ग्रहण नगर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको रुपमा शुभकामना दिएका छन् । र, दिल्लीमा उनलाई स्वागत गर्न आफू आतुर रहेको पनि आइतबार अपरान्ह टेलिफोन गरेर मोदीले ओलीलाई भनेका छन् ।

ओलीले प्रधानमन्त्रीको पदभार ग्रहण गरेपछि भारतमा स्वागत गर्न आफू प्रतीक्षरत रहेको पनि बताएको ओलीका प्रेस संयोजक चेतन अधिकारीले जानकारी दिए ।

टेलिफोन कुराकानीका क्रममा अध्यक्ष ओलीले भारतीय प्रधानमन्त्रीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएको उनले बताए । ओलीले मोदीलाई मुक्तिनाथ एवं रामजानकी मन्दिर दर्शन गर्न आग्रह गरेका थिए । वाम गठबन्धनले निर्वाचनमा बहुमत हासिल गरेपछि मोदीले ओलीसँग टेलिफोन कुराकानी गरेको दोस्रो पटक हो। यसअघि पुस ६ गते मोदीले ओलीलाई टेलिफोन गर्दै बहुमत ल्याएकोमा बधाई दिएका थिए ।

निर्वाचनपछि भारतीय संस्थापनको यो तेस्रो रेस्पोन्स हो । यसअघि निर्वाचन लगत्तै भारतीय परराष्ट्र मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै नेपालको नयाँ सरकारसँग काम गर्न आतुर रहेको उल्लेख गरेको थियो ।

भारतले सिमा मिचिरहँदा चुँसम्म नबोल्ने एमालेका अध्यक्ष ओलीको राष्ट्रवादी मुकुण्डो प्रधानमन्त्री नबन्दै उदाङ्गिदै गएको राजनीतिक वृतमा चर्चा चल्न थालेको छ । उपचारको क्रममा बैंकक जाँदा रअका प्रमुखसँग ओलीले भेटघाट गरेका थिए । रअका प्रमुखसँगको भेटघाटपछि मोदीले उनलाई दोस्रोपटक फोन गरेर दिल्ली बोलाएका हुन् ।

## नरोकिएको सीमा अतिक्रमण र विस्तारवादका दलालहरू !

नेपालको दक्षिण, पूर्व र पश्चिमको सीमा भारतसँग र उत्तरतर्फको सीमा चीनसँग जोडिएको छ । सीमासम्बन्धी विवाद चीनसँग त्यति परेको छैन । तर, नेपाल र भारतको बीचमा सीमासम्बन्धी विषयलाई लिएर निरन्तर विवादहरू हुँदै आएको छ । यसो हुनुमा मुख्य कुरा भारतीय शासकवर्गको विस्तारवादी नीति नै जिम्मेवार छ । नेपालमा भारतीय विस्तारवादी शासकहरूले नेपालको कालापानी, सुस्तालगायत सयौं ठाउँमा सीमा अतिक्रमण गर्दै आइरहेका छन् । नेपालका देशभक्तहरूले भारतीय विस्तारवादको त्यो अनिक्रमणको विरोध गर्दै आएका छन् ।

देशको सिमानाको रक्षा गर्ने जिम्मेवारी सरकारको हो । तर नेपालमा जहिले पनि जनताले सीमा अतक्रिमणको विरोध गरिरहेका छन् तर सरकार मूकदर्शक भएर बसिरहेको हुन्छ। भारतीय विस्तारवादी शासकहरूले सीमा अतिक्रमण गरिरहने, नेपालका देशभक्त जनताले त्यसको विरुद्धका संघर्ष गर्ने तर सरकार भने मूकदर्शक बनिरहने शृंखला वर्षौंदेखि चल्दै आएको छ र अहिले पनि क्रम चलिरहेको छ । यसको पछिल्लो शृंखला नयाँ सीमास्तम्भ लगाउने बहानामा वीरगञ्जको छपकैया बजारमा देखा परेको छ । स्थानीय जनताका अनुसार त्यहाँ नेपालको करिब ५० बिघा जग्गा सीमास्तम्भ बनाउँदा भारततिर पारिएको छ । त्यसको अहिले क्रान्तिकारी माओवादी लगायत सबै देशभक्तहरूले चौतर्फी रूपमा विरोध गरिरहेका छन् । नेपालका देशभक्तहरूको प्रतिनिधिमण्डल नापी विभागमा जाँदा त्यहाँको हाकिमले ५० बिघा होइन ४ बिघा जति परेको भनेर गैरजिम्मेवारपूर्ण जवाफ दिएको समाचारहरू पनि सार्वजनिक भइसकेका छन् ।

अहिले वीरगञ्जको छपकैया बजारमा जुन घटना घटिरहेको छ, त्यसले नेपालको क्षेत्रीय अखण्डतामा गम्भीर प्रश्न उठाएको छ । किनभने सीमास्तम्भ राख्ने काम भारतले एकपक्षबाट नभएर दुवै देशका सरकारको प्रतिनिधिहरूको सहमतिमा भएको छ । स्थानीय जनताको प्रतिरोधको कारणले मात्र हाल त्यो काम स्थगित भएको छ । यदि स्थानीय जनताले त्यसको विरोध नगरेको भए त्यो सीमास्तम्भ राखेरै छोड्ने थिए । ...बाँकी ७ पेजमा

> यदि स्थानीय जनताले त्यसको विरोध नगरेको भए त्यो सीमास्तम्भ राखेरै छोड्ने थिए । यसबाट यो कुराको आशंका रहन्छ कि कतै नेपालको तर्फबाट सीमासम्बन्धी नक्सा हेर्ने निकायका कतिपय व्यक्तिहरू नै नेपालको सीमा मिच्ने काममा अप्रत्यक्ष रूपमा संलग्न त छैनन् ? यो घटनाले यो कुराको प्रष्ट संकेत गर्दछ । किनभने सीमास्तम्भ राख्दा दुवै देशको सहमतिमा राखिन्छ ।



● रामसिंह श्रीस ●

## सम्पादकीय

# भारतीय विस्तारवाद-मूर्दावाद !

भारतीय विस्तारवादले नेपालको सीमा पटक-पटक अतिक्रमण गर्दै आएको छ । सीमाविद्हरूका अनुसार अहिलेसम्म भारतले नेपालसँग सीमा जोडिएको १७५१ किमी क्षेत्रफलमा पर्ने २८ जिल्लामध्ये २२ जिल्लाको ८७ स्थानमा सीमा मिचेको छ । ८७ मध्ये ८५ स्थानमा ०४६ सालको राजनीतिक परिवर्तनपछि मिचिएको हो । केही दिनअघि मात्रै नेपाल र भारतको संयुक्त सीमा सर्वेक्षण टोलीले नयाँ सीमास्तम्भ गाड्दा १३ नेपाली परिवारको ५० बिगाहभन्दा बढी जमिन भारतीय भूमितर्फ पर्ने गरी सीमा मिचिएको छ । स्थानीय जनतासँग राय सुझाव नलिई विना जानकारी नेपालको भूमि मिचेर गाडिएका सीमास्तम्भ उखेल्नुपर्ने माग चौतर्फी उठिरहँदा नापी विभागका कर्मचारीहरूको अनौठो भारतभक्ति देखिएको छ । स्थानीय जनता, सीमाविद् र राजनीतिक पार्टी तथा राष्ट्रवादीहरूले सीमा मिचिएको चौतर्फी विरोध भइरहँदा नेपाल सरकारका कर्मचारीहरू भने सीमा नमिचिएको दावी गरिरहेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) लगायतका कतिपय पार्टीहरूले विज्ञप्ति जारी गरी भारतीय विस्तारवादी हस्तक्षेपको विरोध गरिरहँदा ठूला भनिएका दलहरू एमाले, माके, कांग्रेसले भने अनौठो मौनता साँधेका छन् । यसबाट उनीहरू अर्थात् कथित वाम गठबन्धन पनि भारतपरस्त शक्ति हो भन्ने कुरा उनीहरूको व्यवहारबाट पुष्टि भइरहेको छ ।

तीनतिरबाट नेपाललाई घेरेको भारतीय विस्तारवादले नेपाललाई अस्थिरतातर्फ धकेलेर कमजोर भएको अवस्थामा सीमा मिच्ने र कमजोर शासकहरूलाई विभिन्न प्रभावमा पारेर आफूनुकूलको सन्धि सम्झौता गराउँदै आएको छ । नेपालका शासकहरूको दलाल चरित्रका कारण नेपालको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकतामाथि पटक-पटक खेलबाडहरू हुँदै आएका छन् । भारतीय विस्तारवादले नेपालको राजनीतिक पार्टी, कर्मचारी प्रशासनलगायतका सबै क्षेत्रमा आफ्ना दलाल तयार पारेर दलालमार्फत् आफ्नो अभिष्ट पूरा गर्दै आएको छ । तिनै दलालहरूमार्फत् नेपालको जल सम्पदा तथा अर्थतन्त्रमाथि एक हिसाबले एकाधिकार कायम गर्दै आएको छ । र, रणनीतिक हिसाबले भारत नेपाललाई भूटानीकरण गर्दै सिक्किमीकरण गर्ने योजनामा अगाडि बढिरहेको छ ।

पटक-पटक भारतको हस्तक्षेप, नाकावन्दीबाट आजित भएका नेपाली जनतामा 'प्रतिरोधी' भावना र चेतना बढेर गएको छ । पछिल्लो नाकाबन्दीसम्म आइपुग्दा नेपाली जनतामा जुन राष्ट्रिय स्वाधीनताप्रतिको जागरण पैदा भयो, विडम्वना त्यसको नेतृत्व एमाले र त्यसभित्र पनि कुनैबेला भारतीय लवीको रूपमा चिनिएका नेता केपी ओलीले गर्न पुगे । ओली जसले महाकाली सन्धि भारतलाई सुम्पन तत्कालीन अवस्थामा निर्णायक भूमिका खेलेका थिए । तर तिनै ओलीले आफू प्रधानमन्त्री भएको बेला चीनसँग गरेको पारवहन सन्धिका कारण उनको पार्टीलाई जनताले निर्वाचनमा सबैभन्दा ठूलो पार्टीको हैसियतमा पुऱ्याए । जनतामा यति ठूलो भ्रम रह्यो कि शान्ति, स्थायित्व र समृद्धिका लागि वाम गठबन्धनको पक्षमा जनमत एकहोरियो । तर रूपमा राष्ट्रवादी देखिएका यिनीहरू सारतः भारतीय दलाल नै हुन् भन्ने कुरा जनताले विस्तारै बुझ्दै जानेछन् । र, बुझ्न थालिसकेका छन् ।

भारतले नेपालमा आफै बोक्सी आफै झाँक्रीको भूमिका लामो समयदेखि खेल्दै आएको छ । उसले सत्ता पक्ष र प्रतिपक्ष, सरकार र सडकका दुवै शक्तिलाई लडाउने भिडाउने काम गर्दै आइरहेको छ । तथ्य र घटनाक्रमको श्रृङ्खलालाई जोडेर हेरेर मात्र भारतीय विस्तारवादको हस्तक्षेपकारी भूमिकालाई बुझ्न सकिन्छ ।

नेपालमा राजनीतिक क्रान्ति सम्पन्न भएको छैन । क्रान्ति धोका र गद्दारी तथा सम्झौतामा गएर टुंगियो । सामन्तवाद र साम्राज्यवाद (भारतीय विस्तारवाद)का विरुद्ध क्रान्ति गरेर मुलुकमा दलाल संसदीय व्यस्थाका ठाउँमा नयाँ जनवादी राज्यव्यवस्था स्थापित नगरेसम्म नेपालले काँचुली फेर्न सक्दैन । र, मुलुकमा शान्ति, स्थायित्व र समृद्धि पनि सम्भव छैन । भारतीय विस्तारवाद नै नेपाली जनताको दुःखको प्रमुख कारण लामो समयदेखि बन्दै आएको छ । विस्तारवादी हस्तक्षेपका विरुद्ध लडेर मुलुकलाई साँचो अर्थमा स्वाधीन नबनाएसम्म, दलालहरूका विरुद्ध लडेर मुलुकलाई स्वतन्त्र नबनाएसम्म नेपालमा आर्थिक समृद्धि कोरा नारामा सीमित हुन्छ । तसर्थ, अहिले राष्ट्रिय प्रतिरोध संघर्षबाहेक अरु सबै चिज भ्रम बन्न पुगेको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौं।
www.moolbato.com

# तीन महिने अभियानबारे



● हरिकृष्ण गजुरेल

*इतिहासको टर्निङ प्वाइन्टमा नेपाली कम्युनिष्ट आन्दोलन पुगेको अवस्थामा क्रान्तिकारीहरूले दृढताका साथ इतिहासले सुम्पेको दायित्व पूरा गर्ने आँट र साहस गर्नै पर्दछ । सो अभिभारा पूरा गर्न क्रान्तिकारीहरू सबल बन्नैपर्छ । कथित 'लोकतान्त्रिक' र 'वाम' गठबन्धनरूपी भ्रमलाई चिर्दै भण्डाफोरलाई व्यापक बनाउनु पर्दछ । जनताका बीचमा प्रष्ट ढंगले कार्यक्रमहरूलाई लैजानु पर्दछ । पार्टीलाई वैकल्पिक शक्तिको रूपमा स्थापित गर्न क्रान्तिकारीहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । इतिहासको यो गम्भीर चुनौती र महान् सम्भावनाको घडीमा महान् सम्भावनामा बदल्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न संगठित र एकताबद्ध हुँदै अघि बढ्नु पर्दछ । संगठन निर्माणको कामलाई विशेष जोड दिनुपर्दछ । जसको निम्ति संगठनलाई सुदृढ, व्यवस्थित गर्नुको साथसाथै जनपरिचालनमा कटिबद्ध भएर लाग्नु पर्दछ ।*

नेकपा (क्रान्तिकारी माओवादी)ले वर्तमान परिस्थितिमा पार्टी, संयुक्त मोर्चा, जबस/मोर्चा संगठनहरूलाई सुदृढ, व्यवस्थित एवं व्यापक बनाउने नीतिअनुरूप 'संगठन तथा जनपरिचालन अभियान' सञ्चालनलाई दृढताका साथ अघि बढाउन लागिपरेको छ । क्रान्ति रक्षात्मक अवस्थामा पुगेको, प्रतिक्रान्तिले टाउको उठाएको अवस्थामा तीनमहिने अभियानमार्फत् क्रान्तिकारीहरूको पहलकदमी हावी बनाउनु जरुरी छ । शोषित, उत्पीडित जनताको आशाको दियो जगाउनको निम्ति क्रान्तिकारीहरूले दृढताका साथ पहलकदमी लिनु अत्यावश्यक बनेको छ । कथित 'वाम' र 'लोकतान्त्रिक' गठबन्धनले श्रमजीवी जनतालाई ढाँटेर आफ्नो स्वार्थ पूरा गर्न र लुटको स्वर्ग निर्माण गर्न मरिहत्तेका साथ लागिरहेका छन् । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनले सो कुराको पुष्टिसमेत गरेको छ । जनताको अधिकारको कुरा गरेर जनतालाई शोषण गर्नमा दुइटै गठबन्धन रूपमा फरक देखिएता पनि सारमा एउटै हुन् ।

इतिहासको टर्निङ प्वाइन्टमा नेपाली कम्युनिष्ट आन्दोलन पुगेको अवस्थामा क्रान्तिकारीहरूले दृढताका साथ इतिहासले सुम्पेको दायित्व पूरा गर्ने आँट र साहस गर्नै पर्दछ । सो अभिभारा पूरा गर्न क्रान्तिकारीहरू सबल बन्नैपर्छ । कथित ' लोकतान्त्रिक' र 'वाम' गठबन्धनरूपी भ्रमलाई चिर्दै भण्डाफोरलाई व्यापक बनाउनु पर्दछ । जनताका बीचमा प्रष्ट ढंगले कार्यक्रमहरूलाई लैजानु पर्दछ । पार्टीलाई वैकल्पिक शक्तिको रूपमा स्थापित गर्न क्रान्तिकारीहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । इतिहासको यो गम्भीर चुनौती र महान् सम्भावनाको घडीमा महान् सम्भावनामा बदल्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न संगठित र एकताबद्ध हुँदै अघि बढ्नु पर्दछ । संगठन निर्माणको कामलाई विशेष जोड दिनुपर्दछ । जसको निम्ति संगठनलाई सुदृढ, व्यवस्थित गर्नुको साथसाथै जनपरिचालनमा कटिबद्ध भएर लाग्नु पर्दछ । जनताका गाउँवस्तीहरूमा पुग्ने, उनीहरूका समस्याहरूलाई उठाउने र अधिकारको निम्ति जागरुक गराउँदै संघर्षमा उतार्नु पर्दछ । उत्पीडित जाति, क्षेत्र, लिङ्ग र समुदायहरूका समस्याहरूमा नेतृत्वदायी भूमिका खेल्दै आम उत्पीडित जनसमुदायलाई मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) पार्टीमा गोलबद्ध गर्दै संघर्षलाई उठान गर्नुपर्दछ । जनताका पक्षमा कामहरू गर्नु पर्दछ । जनतासँगको सम्बन्धलाई सुदृढ बनाउनै पर्दछ । आम जनताको बीचमा संगठन फैलाउनु पर्दछ भने जनताको आँखाको नानी र मुटुको धड्कन बन्नै पर्दछ । जनताका दुश्मनहरूका विरुद्ध धावा बोल्नै पर्दछ र निर्मम हुनै पर्दछ । जस्तासुकै कठिन अवस्थाको समेत सामना गर्दै जनअधिकारको निम्ति नेतृत्वदायी भूमिका निर्वाह गर्नै पर्दछ । यथास्थितिलाई क्रमभङ्ग गर्दै छलाङ्ग हान्नुपर्ने बेला आएको छ । क्रान्तिमा जोश, जाँगर, उत्साहका साथ नयाँ गति पैदा गर्नुपर्ने अपरिहार्यता बन्न पुगेको छ । क्रान्तिकारीपंक्ति इच्छाशक्तिमा दृढ हुँदै जिम्मेवारीप्रति प्रतिबद्ध भएर लाग्नै पर्दछ । छरिएर रहेका क्रान्तिकारीपंक्तिहरूलाई समेत एकता र ध्रुवीकरणको माध्यममार्फत् क्रान्तिको मूलप्रवाहमा समाहित गराएर अघि बढ्नुपर्ने अपरिहार्यता बनेको छ । सबै उत्पीडित जाति, क्षेत्र, लिङ्ग र समुदायलाई एकताबद्ध गरी नयाँ जनवादी क्रान्तिको मूलप्रवाहमा समाहित गराउनु पर्दछ । जसको निम्ति नेतृत्वदायी भूमिका निर्वाह गर्ने आँट र साहस गर्नै पर्दछ ।

सत्ता स्वार्थमा भएका र हुने राष्ट्रियतासँग सम्बन्धित विषयहरूलाई जनताका बीचमा प्रष्ट पार्नुपर्दछ । आज राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, अखण्डता दिन प्रतिदिन कमजोर हुँदै गइरहेको छ । मुलुकका स्रोत र साधनहरू कौडीका भाउमा विदेशीहरूलाई बेच्ने तर राष्ट्रियता कुरा गर्ने छद्मभेषी राष्ट्रवादीहरूलाई जनताका बीचमा नङ्ग्याउन जरुरी छ । दलाल, राष्ट्रघाती, जनघाती, भ्रष्टाचारी र तस्करहरूलाई भण्डाफोरको साथै कारवाहीसमेत गर्नुपर्दछ । जनताका नाममा जनतालाई शोषण गर्ने, ठग्ने, लोकतन्त्रको नाममा तानाशाह लाद्नेहरूका विरुद्ध धावा बोल्नै पर्दछ । शिक्षा, स्वास्थ्य जमिन, जल, जंगल, जडिबुटी, उद्योग, व्यापार, कृषिलगायत हरेक क्षेत्रका दलाल, तस्कर र माफियाहरूलाई ठेगान लगाउनै पर्दछ । जसकारण क्रान्तिकारीहरू सिंह बन्नैपर्दछ र समाजका ब्वाँसोहरूलाई तह लगाउनै पर्दछ । जनताका दुश्मनहरूलाई तह नलाइकन समृद्ध मुलुक सम्भव छैन भन्ने कुरालाई दिलदिमागमा सेट गरेर अघि बढ्नु जरुरी छ । इतिहासले सुम्पेको दायित्वलाई गम्भीर ढंगले बोध गर्दै पूरा गर्ने सवालमा हामी गम्भीर बन्नै पर्दछ । मुख्यतः क्रान्तिकारी युवाहरूले यसमा विशेष पहल लिनै पर्दछ । युवाहरू गतिशील र संघर्षशील बन्नै पर्दछ । हरेक प्रकारका संघर्षको नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग जोडिएका हरेक प्रकारका आन्दोलन र संघर्षहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । सन् १९५० लगायत भारतसँग गरिएका सबै प्रकारका असमान सन्धि/सम्झौताहरूको खारेजीलगायत विषयमा पहलकदमी लिनुपर्दछ । त्यस्तै अमेरिकी साम्राज्यवादलगायतका सबै प्रकारका हस्तक्षेपका विरुद्धका संघर्षमा पहलकदमी लिनुपर्दछ । वास्तविक रूपमै मुलुकलाई स्वाधीन बनाउनुपर्दछ । करोडौंको संख्यामा विदेशिन बाध्य युवायुवतीहरूलाई मुलुकमै भएका स्रोत र साधनहरूको यथोचित उपयोग गरी स्वदेशमै रोजगारीको सिर्जना गराई समृद्ध मुलुक निर्माण अभियानमा लाग्ने वातावरण सिर्जना गराउनुपर्दछ । यसको साथै स्वाधीन अर्थतन्त्रको निर्माण पहलकदमी लिने वातावरण तैयार गर्नुपर्दछ । जसको निम्ति प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश गरी नयाँ जनवादी क्रान्तिको अपरिहार्यताबोध गराई संगठनमा समाहित गर्नुपर्दछ । तीन जादुगरी हतियारलाई जोड दिई क्रान्तिको अभिभारालाई पूरा गर्न प्रतिबद्धताका साथ इमान्दार भएर अघि बढ्नै पर्दछ । पार्टी, मोर्चा र सेनालाई व्यवस्थित गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने दिशामा अघि बढ्नु पर्दछ । उक्त तीन महिने 'संगठन तथा जनपरिचालन अभियान'ले एउटा नयाँ उचाइ पैदा गर्नुको साथै मार्गनिर्देश गर्नै पर्दछ । आम क्रान्तिकारीपंक्ति दृढताका साथ यसमा लाग्नु अपरिहार्य छ । नेपाली क्रान्तिलाई नयाँ जीवन दिन अत्यावश्यक छ । त्यो आँट र साहस हामीले गर्नै पर्दछ । नेपालमा क्रान्ति अपरिहार्य छ र सम्भव छ ।

## झर्रोटर्रो

कैलुब्राह

# राष्ट्रिय भत्तासभा

नेपाल मण्डलको संविधानमा राष्ट्रिय भत्तासभाको गठन गर्ने व्यवस्था छ । यो व्यवस्था किन गरियो भन्ने विषयमा संविधानका बारेमा त्यसका आन्द्राभुँडीसमेत खोतलेर व्याख्या गर्न सक्ने एकजना संविधानविद् घुसप्रसाद कालोकोटेलाई हामीले सोधेका थियौँ । उनको व्याख्या यस्तो थियो- 'लोकतन्त्रमा सबै कुरा चुनाउबाट फैसला गरिन्छ । स्थानीयतहदेखि केन्द्रसम्मका संसद् र सरकार चुनाउबाटै निर्माण गरिन्छ । चुनाउ गोप्यरूपमा हुने भएकाले मनुखेले कस्लाई भोट हाल्छन् भन्ने कुरा देख्न पाइँदैन । हार्नेले जित्छन्, जित्नेले हार्छन् । लोकतन्त्र भनेको तोकतन्त्र र ठोकतन्त्र पनि हो । चुनाउमा कस्ले कति मनि तोक्न सक्छ उसैले चुनाउ जित्ने हो । तर कहिलेकाहीँ मनुखेले मनि खाएर पनि धर्म छाडेर भोट अर्कैलाई दिन्छन् । त्यसो भयो भने मनि घोप्ट्याउनेहरू चिल्लाराम हुन्छन् । यो त उनीहरूका लागि ठूलो अन्याय नै हुन्छ । त्यसैले तिनीहरूलाई भत्तासभामा लगेर भए पनि उनीहरूको लगानी अशुलउपर गर्नुपर्ने हुन्छ । त्यै भएर यो राष्ट्रिय भत्तासभाको व्यवस्था संविधानमा गरिएको हो । त्यसका साथै तल्लो सदनमा चुनाउ जितिआएका पाटीहरूका मुख्य मुख्य नेताका सम्धीसम्धिना, सासूससुरा, सालाजेठान, मामामाइजू, अन्नदाता, प्राणदाता जस्ता राष्ट्रका लब्धप्रतिष्ठित विद्वानहरूलाई पाटीको गच्छेअनुसारका कोटामा भत्तासभामा लग्नुपर्ने हुन्छ, तिनका लागि पनि यो व्यवस्था गरिएको हो ।'

यो चुनाउमा तन्नेरीहरूलाई नउठाउने कारण के होला भनेर सोधेको प्रश्नमा निज कालोकोटे कानूनविदले भने - 'यो भत्तासभा भनेकै लब्धप्रतिष्ठितहरूका लागि व्यवस्था गरिएको हो । लब्धप्रतिष्ठित भनेका कम्तिमा बाणप्रस्थ उमेर कटेको हुनुपर्छ । उनीहरूले जीवनमा धेरै अनुभव बटुलेर खारिएका हुन्छन् । हाम्रा पुर्खाहरू बाणप्रस्थमा जङ्गलमा जान्थे । आधुनिक जमानामा ठाउँठाउँमा धार्मिक मठमन्दिरहरूमा खोलिएका वृद्धाश्रमहरूमा जान्छन् । तर सत्ताधारीहरूलाई त त्यहाँ पठाउनु भएन । उनीहरूले त सरकारैमा पनि भाग लिनु पर्ने हुन्छ, त्यसैले उनीहरूका लागि यो व्यवस्था गरिएको हो ।'

यसरी निज संविधानविद् कालोकोटे विद्वानले राष्ट्रिय भत्तासभाको बारेमा व्याख्या गरेपछि कैलुब्राहले बल्ल कुरा बुझ्यो । कुरा सोह्रैआना मुनासिव हो । वास्तवमा यो राष्ट्रिय भत्तासभाको व्यवस्था नगरेको भए त देश वर्वादै हुने रहेछ । यस्ता यस्ता नानाथरिका नन्दीभृङ्गी विद्वान र उच्चतहका हरूवा नेताहरू सत्ता बाहिर बसेर कसरी देश विकास हुन सक्ला । यो व्यवस्था त हिजको प्रेतकालमा पनि थियो । त्यतिवेला पञ्चप्रेत र महाराजाहरूका हजुरियालाई त्यहाँ लगिन्थ्यो । सत्ता चलाउनेहरूलाई रायसुझाव दिने, अट्को पट्को बेलामा सरकारमा मन्त्री पनि भइदिने मनुखेहरूलाई थान्कोमान्को लाउने ठाउँ पो रहेछ त भत्तासभा । यो हो लोकतन्त्रको असल र काइदाको गुण । यति नभए लोकतन्त्र सुन्दर हुने नै थिएन सायद ।

यतिबेला यही महिनाको २४ गते राष्ट्रिय भत्तासभाको चुनाउ हुन थालेको छ । यो चुनाउमा अघिल्ला चुनाउमा हारेका बडेबडे नेताहरूले पनि भाग लिन पाउने सुविधा निर्वाचन आयोगबाट बक्स भइआएको छ । संविधान निर्माण गर्नेबेला नै त्यस्ता मनुखेहरूका लागि भनेर व्यवस्था गरेपछि निर्वाचन आयोगले संविधानका विरुद्धमा जाने कुरा पनि त भएन । निर्वाचन आयोगले त अझ अगाडि बढेर चुनाउमा हारेर राष्ट्रिय पाटी नै नभएका दलहरूलाई समेत यो चुनाउमा भाग लिन पाउने निर्णय गरेर पठाएको छ । त्यस्ता हरूवा दलले चुनाउमा भाग लिए पनि जित्न नपाउने कुरा भने किटानीका साथ सोही आयोगबाट प्रमाणिकरण भई लालमोहर लगाई जारि भएको छ । किनकि यो चुनाउमा भोट हाल्ने मनुवा भनेका स्थानीयतहका प्रमुख र उपप्रमुख तथा प्रदेशमा चुनाउ जितेका प्रदेशी माननीय मात्रै हुने भएकाले निजहरू सबै ठूला पाटीका भएकाले उनीहरूले आफ्ना पाटीका उमेदवारलाई नै भोट हाल्नुपर्ने हुन्छ । नुनको सोझो त गर्नै पऱ्यो । एउटाको नुन खाएर अर्कालाई भोट दिने कुरा त भएन ।

भोटै नभएका दलहरूलाई पनि यो चुनाउमा भाग लिने व्यवस्था किन गरियो भन्ने प्रश्न सोध्दा आयोगले भन्यो - 'लोकतन्त्र भनेकै यहि त हो, सबैलाई चुनाउमा भाग लिने अधिकार छ । भाग लिएपछि सके जित्ने नसके हार्ने अधिकार संविधानमै व्यवस्था गरिएको हुन्छ । हामीले त संविधानको परिपालना गर्ने हो । चुनाउमा उठेपछि कतै च्याखे पर्न पनि सक्छ । फेरि यो चुनाउ भनेको त एकल सङ्क्रमणीय हो । यसमा शेष भोट तलतल सर्दै जाने भएकाले कसै न कसैलाई गोडाएक सीट हात लाग्न पनि सक्छ ।' यसरी आयोगले चुनाउको परिपाटीबारेको परिअर्थ लगायो । आगे श्रीस्वस्थानी माताले सबैको कल्याण गरुन् ।

*७ माघ २०७४*

kailubraha73@gmail.com

# एकताको आव्हानले जनतामा नयाँ आशा पलाएको छ



❑ सीपी गजुरेल 'गौरव',
अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

*(स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालमार्फत् क्रान्तिकारी उपयोग गरेको नेकपा (क्रान्तिकारी माओवादी) अहिले तीन महिने संगठन तथा जनपरिचालन अभियानमा जुटेको छ । निर्वाचनपछि मैदान खाली गरेर सत्ताको खिचातानीमा लडिरहेका संसद्वादी पार्टीहरूको भण्डाफोर गर्दै फेरि पनि क्रान्तिकारी माओवादी सम्पूर्णरूपले जनतामा गएको छ । संसदीय व्यवस्थामा विरूद्ध नेपालमा फेरि पनि नयाँ जनवादी क्रान्तिको तयारीको उद्घोष गरिरहेको यो पार्टीले नयाँ जनवादी क्रान्तिका पक्षधर विभिन्न कम्युनिष्ट घटकसँग एकताको लागि सार्वजनिक आव्हान पनि गरेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल बनिरहेको वर्तमान अवस्थामा यिनै उल्लेखित विषयमा केन्द्रित रहेर नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलसँग गरिएको टेलिफोन संवादलाई यहाँ प्रस्तुत गरिएको छ । -स.)*

**निर्वाचनको क्रान्तिकरी उपयोगको कार्यनीतिपछि अहिले देशभक्त जनगणतान्त्रिक मोर्चा के गर्दैछ ?**

-निर्वाचनको क्रान्तिकारी उपयोगले अपेक्षा गरेजति नभए पनि जनाधार खडा गरेको, संगठन विस्तारका निम्ति आधार तयार भएको, प्रतिक्रियावादी तथा पश्चगामी तत्वहरूको भण्डाफोर गर्न सफल भएको पृष्ठभूमिलाई ख्याल गर्दै माउ पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले संगठन विस्तार र सुदृढीकरणसम्बन्धी तीनमहिने अभियान सञ्चालन गरेको छ । अहिले देजमोले पार्टीको त्यही अभियानमा सक्रिय रूपले भाग लिइरहेको छ । संगठन विस्तार गर्नु र जनाधार खडा गर्नुलाई मोर्चाले अहिलेको प्रमुख कार्यभार ठानेको छ ।

**निर्वाचन उपयोगको क्रममा र निर्वाचनपछि पनि संगठन विस्तारको योजना लिएर जनताको बीचमा जानु भएको छ । कस्तो प्रतिक्रिया वा सुझाव पाउनु भएको छ ?**

-महत्वपूर्ण प्रश्न गर्नुभयो । निर्वाचनअघि पनि हामी जनताका बीचमा गएका थियौं र हामीले हाम्रा कुरा राखेका थियौं । जनताले नेकपा (क्रान्तिकारी माओवादी)को वैचारिक, राजनीतिक लाइन ठीक छ, यसको नेतृत्व ठीक छ, भोट पनि तपाईहरूलाई नै दिनुपर्ने हो तर के गर्ने तपाईहरू जित्नु पनि हुन्न, सरकार पनि बनाउनु हुन्न, सरकार नबनाएपछि हामीले के पाउँछौं भनेर प्रश्न तेर्स्याउँथे । वास्तवमा हामीले अपेक्षा गरेजति हामीलाई भोट आएन । अहिले हामीले जनताबीचमा गएर भन्ने गरेका छौं- तपाईहरूले भोट वाम गठबन्धनलाई हाल्नुभयो । वाम गठबन्धनले के गऱ्यो त ? शान्ति, स्थायित्व र समृद्धिको नारा दिएका थिए । तर अहिले ठाउँठाउँमै अशान्ति मच्चिएको छ । स्थानीय निकायमा पनि भ्रष्टाचारले टाउको उठाउन थालिसकेको छ भन्दा जनताले वाम गठबन्धनलाई भोट दिएर गल्ती गरिएछ कि भनेर भन्न थालेको पाइयो । हामीलाई मतदान गर्ने मतदाताहरू त हामीप्रति प्रतिबद्ध नै हुनुहुन्छ । उहाँहरूलाई हामी विभिन्न संगठनमा संगठित गर्छौं । हामीलाई भोट नहाल्ने इमान्दार जनपंक्ति पनि विस्तारै वाम गठबन्धनको भ्रमबाट मुक्त हुँदैछ । कथित वाम गठबन्धन जनतामा एक्पोज हुन अब धेरैदिन कुर्नु पर्दैन । सरकार छिटो गठन भइदिएको भए यिनीहरू पनि कांग्रेसजस्तै भइसक्ने थिए । ढिलै भएपनि उनीहरूको पर्दाफास हुनेछ र जनताले वास्तविक कम्युनिष्ट, क्रान्तिकारी र राष्ट्रवादी शक्तिको पहिचान गर्नेछन् र क्रान्तिकारी माओवादी वरिपरि गोलबद्ध हुनेछन् ।

**तीनमहिने संगठन तथा जनपरिचालन अभियानको तयारी चाहीं कसरी गरिरहनु भएको छ ?**

-अहिले हामी अभियानको अन्तिम तयारीमा जुटेका छौं । पुसको अन्त्यसम्ममा प्रदेशका बैठक प्रशिक्षणहरू सम्पन्न गरियो । माघको पहिलो हप्तासम्ममा संयुक्त मोर्चा, जनवर्गीय संगठनका बैठक प्रशिक्षणहरू, पार्टी जिल्ला कमिटी र एरिया कमिटीका बैठकहरू बसिसक्ने योजनाअनुसार अहिले बैठकहरू चलिरहेका छन् । विस्तारै हामी जनताको ग्राउण्डलेवलसम्म जाँदैछौं । अभियानको तयारी गरिरहँदा साथीहरूमा धेरै ठूलो उत्साह पैदा भएको छ । नेतृत्वलाई जनताबीचमा देख्दा जनतापनि आशावादी बनेका छन् ।

**एमाले र माकेले पार्टी एकताको हल्ला चलाइरहँदा अहिले जनतामा कस्तो प्रभाव परेको पाउनु भयो ?**

नेपालमा धेरै जनता कम्युनिष्ट तथा वाम समर्थक छन् । जनता सजिलै आफ्ना समस्या हल होस् भन्ने चाहन्छन् । जनताले

**नेपालमा धेरै जनता कम्युनिष्ट तथा वाम समर्थक छन् । जनता सजिलै आफ्ना समस्या हल होस् भन्ने चाहन्छन् । जनताले वाम गठबन्धनलाई राष्ट्रिय स्वाधीनता, देश विकासलाई उच्चस्तरमा पुऱ्याइदिन्छौं, र सबै सुविधा घरघरमा पुऱ्याइदिन्छौं भनेर आश्वासन बाँडेका आधारमा भोट दिएका हुन् । अहिले जनताले उनीहरूले भने जसरी नै त्यति सजिलै यी सब कुरा नहुनेरहेछ भनेर बुझ्न थालेका छन् । हामीले त त्यतिबेलै भनेका थियौ । यो सब उनीहरूको झुठको खेती हो । केही पनि गर्दैनन् र हुँदा पनि हुँदैन । यिनीहरूले प्रदेशको राजधानी त सहमतिबाट कायम गर्न सकेका छैनन् । आशंकासहित जनता अहिले पर्ख र हेरको स्थितिमा छन् ।**

वाम गठबन्धनलाई राष्ट्रिय स्वाधीनता, देश विकासलाई उच्चस्तरमा पुऱ्याइदिन्छौं, र सबै सुविधा घरघरमा पुऱ्याइदिन्छौं भनेर आश्वासन बाँडेका आधारमा भोट दिएका हुन् । अहिले जनताले उनीहरूले भने जसरी नै त्यति सजिलै यी सब कुरा नहुनेरहेछ भनेर बुझ्न थालेका छन् । हामीले त त्यतिबेलै भनेका थियौ । यो सब उनीहरूको झुठको खेती हो । केही पनि गर्दैनन् र हुँदा पनि हुँदैन । यिनीहरूले प्रदेशको राजधानी त सहमतिबाट कायम गर्न सकेका छैनन् । आशंकासहित जनता अहिले पर्ख र हेरको स्थितिमा छन् ।

**जनतामा अनावश्यक कर लगाउने, डोजर व्यवसाय चलाउने, आफ्ना सेवासुविधा बढाउनेलगायतका कामहरू स्थानीय प्रतिनिधिहरूले गर्दैगर्दा जनताले वडातहसम्मै वैकल्पिक राजनीतिक शक्तिको अभाव महसुस गरेको पाइन्छ । त्यो ठाउँ क्रान्तिकारी माओवादीले लिन सक्छ ?**

जनप्रतिनिधिहरूले अहिले धेरै बजेट पाउन बाँकी रहेकाले उनीहरूका जनविरोधी क्रियाकलाप कम मात्रै बाहिरिएका छन् । भ्रष्टाचार, कमिसन उनीहरूका विभिन्न व्यवसायको पर्दाफास अझ घनिभूत रूपमा गर्न जरुरी छ र त्यो हुँदै पनि जानेछ । जनप्रतिनिधिहरू कस्ता छन् भन्ने कुरा त कामनपाका मेयरले पहिलो बैठकबाट नै जनप्रतिनिधिहरूलाई स्मार्ट फोन बाँड्ने भनेर गरेको निर्णयबाट नै बुझ्न सकिन्छ । अवश्य नै हो कि यतिखेर जनताले वैकिल्पक राजनीतिक शक्तिको खाँचो महसुस गरिरहेका छन् । त्यो पनि वडातहसम्मै । त्यो वैकल्पिक शक्ति भनेको नै क्रान्तिकारी माओवादी तथा देजमो हो । हामी जनताको घरघरमा पुग्ने अभियानमा छौं ।

**सीमामा एक इन्च जमिन मिचिदा सडकमै उत्रेर आन्दोलित हुने नेपाली जनता यसपटक सीमामा भारतीय विस्तारवादले दिनदहाडै सीमा मिच्दै गर्दा जनता त प्रदेश राजधानीको लागि चाहीं सडकमा उत्रिएको देखियो । राष्ट्रवादी भन्ने एमाले र माके त चुँसम्म पनि बोलेनन् । यी घटनाक्रमलाई कसरी लिनुभएको छ ?**

**बारम्बार भारतीय विस्तारवादबाट सीमास्तम्भ गायब पार्ने, सीमा मिच्ने काम गरेकोले पनि होला आजकल जनताले यसलाई स्वाभाविक रूपमा लिन थालेजस्तो छ । नयाँ स्तम्भ गाड्ने नाममा स्थानीय जनतासँग रायसुझाव नलिई र जनतालाई जानकारी नै नगराई नेपाली भूमि मिचेर योजनाबद्ध रूपमा नै नयाँ स्तम्भ गाडिन थालेको हो । यसमा नेपालका राष्ट्रघाती तत्वहरूको पनि मिलेमतो छ । हालै वीरगञ्ज नजिकको छपकैयामा पचास विगाहभन्दा जमिन भारततिर पर्नेगरी सीमास्तम्भ गाडियो । राष्ट्रिय स्वाधीनताको लागि यो गम्भीर खतरा हो । यो सामान्य घटना होइन । हाम्रो पार्टी क्रान्तिकारी माओवादीले घटना सार्वजनिक हुने वित्तिकै वक्तव्य निकालेर यसको घोरभर्त्सना गरिसकेको छ ।**

पहिले सिमानामा स्तम्भ उखेलिंदा, सीमा मिचिंदा जनतामा जानु प्रतिक्रिया आउँथ्यो, त्यो अहिले कम भएर गएको हो कि भन्ने देखिन्छ । बारम्बार भारतीय विस्तारवादबाट सीमास्तम्भ गायब पार्ने, सीमा मिच्ने काम गरेकोले पनि होला आजकल जनताले यसलाई स्वाभाविक रूपमा लिन थालेजस्तो छ । नयाँ स्तम्भ गाड्ने नाममा स्थानीय जनतासँग रायसुझाव नलिई र जनतालाई जानकारी नै नगराई नेपाली भूमि मिचेर योजनाबद्ध रूपमा नै नयाँ स्तम्भ गाडिन थालेको हो । यसमा नेपालका राष्ट्रघाती तत्वहरूको पनि मिलेमतो छ । हालै वीरगञ्ज नजिकको छपकैयामा पचास विगाहभन्दा जमिन भारततिर पर्नेगरी सीमास्तम्भ गाडियो । राष्ट्रिय स्वाधीनताको लागि यो गम्भीर खतरा हो । यो सामान्य घटना होइन । हाम्रो पार्टी क्रान्तिकारी माओवादीले घटना सार्वजनिक हुने वित्तिकै वक्तव्य निकालेर यसको घोरभर्त्सना गरिसकेको छ । आफूलाई राष्ट्रवादी भन्ने एमाले र माकेले त एउटा वक्तव्यसमेत निकाल्न आवश्यक ठानेनन् । भारतीय दलाल पार्टीहरूको प्रभावमा परेर जनता पनि सीमा यसरी मिचिंदा चिन्तित नदेखिनु निकै गम्भीर कुरा हो । यसले मुलुकलाई सिक्किमीकरण गर्न ठूलो मलजल पुऱ्याइरहेको छ । राष्ट्रको सीमा मिचिरहँदा जनताको ध्यान भने प्रदेशको राजधानीमा केन्द्रित भइरहेको छ । यो राम्रो संकेत होइन ।

**देशको सीमा मिचिंदा मुकदर्शक बन्ने पार्टीलाई जनताले अब चाहीं राष्ट्रवादी नभन्लान् कि ?**

-हो उनीहरूको राष्ट्रवादी मुकुण्डो उदाङ्गिने क्रममा छ । जनताले शंकाको नजरले हेरिरहेका छन् । देशको सीमा मिचिंदा मुकदर्शक बन्ने पार्टी कदापि राष्ट्रवादी हुन सक्दैन । एमाले र माकेबीचको गठबन्धन र एकताको रहस्य पनि खुल्न बाँकी छ । रातारात यो कुन शक्तिले यिनीहरूलाई एक ठाउँमा उभ्याउन खेल्यो भन्ने कुरा विस्तारै खुल्दै जान थालेको छ । ओलीको कथित राष्ट्रवादलाई भारतीय विस्तारवादले नै प्रयोग गर्न खोजेको पनि विश्लेषण गर्न थालिएको छ । ओली यसअघि पनि भारतीय लवीको नेता भनेर नै मानिन्थ्यो । प्रचण्डमार्फत् ओलीको राष्ट्रवादलाई भारतले प्रयोग गर्ने योजनाअन्तर्गत रातारात यो गठबन्धन तयार पारिएको चर्चा बाक्लिएको छ । भारतले सीमा मिच्दा उनीहरू केही पनि नबोल्नुले यो विश्लेषणलाई सही सावित गराएको छ । र, यो वाम गठबन्धन पनि भारतपरस्त गठबन्धन नै हो भन्ने विश्लेषण गर्न थालिएको छ । जनताले पनि विस्तारै बुझ्दै जानेछन् ।

**एमाले माकेले ठूलो भ्रम के सिर्जना गरेका थिए भने नेपालका कम्युनिष्टहरू जति सबै मिलिसके, अब कम्युनिष्टहरू बाहिर बाँकी नै छैनन्,, संचारमाध्यमलाई आफ्नो पक्षमा पारेर त्यसको फाइदा उठाउँदै गलत प्रचारहरू गरेका थिए । अहिलेसम्म आइपुग्दा र खासगरी क्रान्तिकारी माओवादीको हालै सम्पन्न स्थायी समितिको बैठकको वक्तव्य सार्वजनिक भएपछि, नेपालमा नयाँ जनवादी क्रान्ति पूरा भएको छैन, नयाँ जनवादी क्रान्ति पूरा गर्नुपर्छ भन्ने सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध हुनुपर्छ, पार्टी एकताको लागि छलफल सुरू गर्नुपर्छ, कार्यगत एकताको थालनी गरिहाल्नु पर्छ भनेर सार्वजनिक आव्हान भएपछि त्यसले जनतामा नयाँ आशा पलाएको छ ।**

**संसवादी कम्युनिष्टहरू अर्थात् संशोधनवादी र अवसरवादीहरू एकताबद्ध हुँदै गर्दा सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई पनि एकताबद्ध भएर अगाडि बढ्न परिस्थितिको दबाब पनि छ र त्यस दिशामा क्रान्तिकारी माओवादीले पहल पनि अगाडि बढाएको देखिन्छ ? एकताको कोर्स कसरी अगाडि बढ्छ ? र त्यसको सम्भावना के कस्तो छ ?**

एमाले माकेले ठूलो भ्रम के सिर्जना गरेका थिए भने नेपालका कम्युनिष्टहरू जति सबै मिलिसके, अब कम्युनिष्टहरू बाहिर बाँकी नै छैनन्,, संचारमाध्यमलाई आफ्नो पक्षमा पारेर त्यसको फाइदा उठाउँदै गलत प्रचारहरू गरेका थिए । अहिलेसम्म आइपुग्दा र खासगरी क्रान्तिकारी माओवादीको हालै सम्पन्न स्थायी समितिको बैठकको वक्तव्य सार्वजनिक भएपछि, नेपालमा नयाँ जनवादी क्रान्ति पूरा भएको छैन, नयाँ जनवादी क्रान्ति पूरा गर्नुपर्छ भन्ने सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध हुनुपर्छ, पार्टी एकताको लागि छलफल सुरु गर्नुपर्छ, कार्यगत एकताको थालनी गरिहाल्नु पर्छ भनेर सार्वजनिक आव्हान भएपछि त्यसले जनतामा नयाँ आशा पलाएको छ । र, एमाले र माकेले छरेको भ्रम पनि विस्तारै चिरिदै गएको छ र वास्तविक क्रान्तिकारी कम्युनिष्ट शक्ति त यो पो हो त भन्ने जनतामा पर्दै गएको छ ।

नेकपा (मसाल), नेकपा (विप्लव), नेकपा (ऋषि कट्टेल)का नेतृत्व तहमा पार्टी एकता र कार्यगत एकताका विषयमा छलफलहरू भइरहेका छन् । पार्टी एकताका ठोस आधार तयार पार्ने दिशामा गृहकार्य सुरु भएको छ । सैद्धान्तिक, वैचारिक र राजनीतिक लाइनमा आधारभूत रूपमा सहमति नजिक पुगेपछि अन्य कुराहरू मिलाउन वार्ता टोली बनाएर प्रक्रियामा प्रवेश गर्छौं ।

**राष्ट्रियता, जनतन्त्र र जनजीविकाका क्षेत्रमा समस्याहरू विकराल अवस्थामा छन् । ती समस्याहरूलाई केन्द्रमा राखेर आन्दोलनको उठान गर्ने स्थिति चाहीं कस्तो छ ?**

-भारतीय विस्तारवादले सीमामा अतिक्रमण गरिरहेको छ, पेट्रोलियम पदार्थको मूल्य, दैनिक उपभोग्य वस्तुको मूल्य पनि हप्तैपिच्छे बढिरहेको छ, हामीले वक्तव्य निकालेर मात्रै विरोध गरिरहेका छौं । वक्तव्यमा सीमित विरोधलाई उनीहरूले टेर्ने कुरै भएन । अहिले नै सडक आन्दोलन उठान गर्ने क्रान्तिकारीहरूको आत्मगत अवस्था पनि तयार नभइसकेको अवस्था छ । सडक आन्दोलनको विकल्प नदेखेको हुनाले नै हामीले आफ्नो आत्मगत अवस्था सुदृढ तुल्याउन संगठन विस्तार तथा सुदृढीकरणको अभियानमा जुटेका हौं । आन्दोलनको परिस्थिति विस्तारै परिपक्व बन्दै गइरहेको छ । अब सडक संघर्ष वा आन्दोलनको विकल्प छैन ।

**वाम गठबन्धनले के गऱ्यो त ? शान्ति, स्थायित्व र समृद्धिको नारा दिएका थिए । तर अहिले ठाउँठाउँमै अशान्ति मच्चिएको छ । स्थानीय निकायमा पनि भ्रष्टाचारले टाउको उठाउन थालिसकेको छ भन्दा जनताले वाम गठबन्धनलाई भोट दिएर गल्ती गरिएछ कि भनेर भन्न थालेको पाइयो । हामीलाई भोट नहाल्ने इमान्दार जनपंक्ति पनि विस्तारै वाम गठबन्धनको भ्रमबाट मुक्त हुँदैछ । कथित वाम गठबन्धन जनतामा एक्पोज हुन अब धेरैदिन कुर्नु पर्दैन । सरकार छिटो गठन भइदिएको भए यिनीहरू पनि कांग्रेसजस्तै भइसक्ने थिए । ढिलै भएपनि उनीहरूको पर्दाफास हुनेछ र जनताले वास्तविक कम्युनिष्ट, क्रान्तिकारी र राष्ट्रवादी शक्तिको पहिचान गर्नेछन् र क्रान्तिकारी माओवादी वरिपरि गोलबद्ध हुनेछन् ।**

# नेपालको सीमा अतिक्रमण गर्न इण्डियाका ६ वटै तत्व सक्रिय



● डा. शास्त्रदत्त पन्त ●

१. नेपाल भारत दुई देशबीच १७५१ किमी लामो खुला सिमाना छ। नेपालको तीनतिर भारतसित सिमाना जोडिएको छ। नेपालका २८ जिल्लाका ६४० नदी र बाँकी स्थल सीमास्तम्भले छुट्याइएको छ। त्यस्ता सिमानाहरू पर सार्ने, सीमास्तम्भहरू तोड्ने, फोड्ने, भत्काउने, मिच्ने, अतिक्रमण गर्ने र बासोबास गर्ने जस्ता विभिन्न खाले अतिक्रमण भारतीय पक्षबाट अनवरत रूपमा हुँदै आएका छन्। नेपालको सीमा अतिक्रमण गर्न इण्डियाका छ वटै तत्व (सरकार, नोकरशाही, दल, राज्य, 'रअ' र जनता) सक्रिय छन्। आजसम्म नेपालका २२ जिल्लाका ८७ ठाउँमा सीमा अतिक्रमण भएका छन्। सबै ठाउँमा भारतीय पक्षबाट मात्र भएका छन् र नेपालीबाट कहीँ पनि भएको छैन। चीन, पाकिस्तान, बंगलादेशसँग जस्तै अनवरत रूपमा तिनै तर्फबाट नेपालको सीमा मिच्ने काम जानाजान तथा बदनियत्पूर्वक गरेको छ।

२. सीमा समस्या समाधान गर्न म्यान्डेट नै नपाएको अनिर्वाचित सरकारले २०६४ सालमा सुस्ता र कालापानीबाहेक अरु सीमासमस्या समाधान भएको घोषणा छ। ८७ मध्ये ८५ ठाउँ २०४७ पछि अतिक्रमित भएका हुन् २ ठाउँ त्यस पूर्वका हुन्। राजनीति तरल र तीनै शक्ति भारत पक्षधर भएका बेलामा भारतले एकतर्फी बनाएका नक्साअनुसार भातीय पक्षबाट ८७ ठाउँमा अतिक्रमित भू-भाग सबै भारतको हुने गरी गरिएको समझदारी गलत र भ्रामक छ। आफ्ना पालाका अतिक्रमणलाई भारतले भने अनुसार मान्यता दिएको र पञ्चायतकालीनलाई यथावत् राखिनुले थप शंका उब्जेका छन्। अतिक्रमण बढिरहे छन्। यस्ता खाले सीमा समस्या चार खाले छन्

(१) सीमा क्षेत्र अतिक्रमण गर्ने,
(२) सीमास्तम्भ भत्काउने र गायवगर्ने,
(३) दशगजा अतिक्रमण गर्ने,
(४) नदी बहावको विप्रतिप सीमानामा बाँध बानेर नेपाललाई डुबान गर्ने।

३.१. सुस्ता र कालापनी पञ्चायतकालपूर्वदेखिका विवादित क्षेत्र हुन्। सुस्ता क्षेत्रलाई पञ्चायत कालमै नेपालले फिर्ता लिएर त्यहाँ सर्भे नापी समेत गराएर किसानलाई लालपुर्जा वितरण गराई सकेको हो। त्यस क्षेत्रमा छुट्टै सुस्ता गाउँ पञ्चायत पनि गठन गरिएको थियो। भारतीय बलबाट २०४७ सालमा नेपालको राजनीतिमा परिवर्तन आएपछि भारतले त्यो जग्गा नेपाली किशानबाट सीमा बल प्रयोग गरेर कब्जाम लिएको छ। यो घटनाले सीमा अतिक्रमणको कुरा मात्र होइन नेपाली दलका नेता कसरी भारतका मुठीमा छन् र भारतले जे अन्याय गरे पनि तत्कालै अन्धा र बैरा भईनै हाल्दछन् भन्ने कुरा पनि पुष्टी हुन्छ।

३.२. कालापानी फिर्ता गराउन पञ्चायत काल सक्रिय थियो। त्यहाँ भारतीय सेनाको क्याम्प नै भएकोले नेपालले सेना प्रयोग गरेर पाकिस्ता र चीनसँगको तितो अवस्था आउन नदिन मात्र शान्ति मार्ग अबलम्बन गर्द फिर्ता गर्न बाँकी थियो, छ।

३.३. पञ्चायत कालमै भारतले नेपाल भूमिमा निर्माण गर्न लागेको टनकपुर बाँधमा प्रयोग भएका ट्रकहरू, बुलडोजर र क्रेनहरू बल प्रयोग गरेर नेपालले जफत गरेको थियो। त्यसपछि उनीहरूले त्यो भूमि छाडेका थिए। यथार्थमा त्यो बलको प्रयोग कालापानीमा पनि छाड्न भन्ने थियो।

३.४. २००७ सालको राजनीतिक परिवर्तन पछि नेहरूको आसय बमोजिम नेपालका उत्तरी सीमानका सबै महत्वपूर्ण ठाउँमा चेकपोष्ट राखिएका थिए। पञ्चायत कालमा नेपालले ती सबै चौकी हटाएको थियो र नेपाल एउटा स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न देश हो भन्ने मेसेज विश्वलाई दिएर नेपालको प्रतिष्ठा बढाएको थियो।

३.५. सबै देशले आफना सबै भू-भागमा आवश्यक्ता अनुसार सबैलाई पस्न नपाउने व्यवस्था गरेको हुन्छ। भारतमा पनि त्यस्ता धेरै ठाउँ छन्। हिमालय क्षेत्र प्राकृतिक विविधता भएको, त्यहाँ भएका कला, साहित्य, गुम्बा, जडिबुटी, भू-स्खलन, पशुपंक्षी आदि तथा नेपाल भूमीको प्रयोग गरेर चीनको जासुसी गर्ने जस्ता अनेक कारणले यो क्षेत्र नेपालको सामरिक महत्वको क्षेत्र हो, यो विश्वसम्पदा क्षेत्र पनि हो। त्यसकारण यहाँ प्रवेश गर्न निशेध गरिएको थियो, गर्नु पर्दछ। तर वि.स.२०४७ पछिका नेकाँको सरकाले भारतको दबाबमा ती क्षेत्रलाई खुला गरिदिएको छ। यसमा अमेरिका र पश्चिमी देश पनि खुसी भएका छन्। यहाँका जडिबुटी पश्चिमाले दर्ता गर्दै गएका छन्।

४.१. सीमा क्षेत्र अतिक्रमणमा दार्चुलाको कालापानीमा चीन र भारतबीच युद्ध भएका बखतदेखि ३७२ वर्ग कि.मि. क्षेत्र भारतीय सेनाले अतिक्रमण गरेर राखेको छ। सन् १९६५ देखि अहिलेसम्म भएका जनगणना तथा सर्भे नापीका अभिलेखहरू तथा मालमा आवादी जग्गाको मोठ र नक्सा तिरोभरो नैपालीको नै छ।

४.२. महाकाली नेपालको पश्चिम सीमानदी भएपछि बैतडीदेखी नै सिँगो महाकाली नदी मझधार सीमा हुन सक्दैन। सबै नदी नेपालको हो त्यसलाई मझधारसम्म अतिक्रमण गरिएको छ।

४.३. कञ्चनपुर जिल्लाको शारदा नहर उत्तर टनकपुरमा २२२ विघा जमिन भारत सरकारले अतिक्रमित गरेको छ र ४० नं.को सीमास्तम्भ निशाना नै नरहने गरी भत्काइएको छ। ब्रह्मदेब मण्डीमा सीमास्तम्भ गायव गरेर अतिक्रमण गरिएको छ। परासन रामपुर-विलासपुर, मुण्डा, टिल्टामा क्षेत्रहरूमा ३०७ विघास दोधारा, चाँदनी र लक्ष्मीपुर दश विगाहा, झिलमिलामा १५ विघा, बेलडानीमा १५ विघा र शुक्लाफन्टामा २४ वर्ग कि.मि. जमिनमा भारतीय नागरिकले अतिक्रमण गरी बसेका छन्। बनबासाको दशगजा अतिक्रमित छ। त्रिभुवनवस्तीका सबै र बुद्धवस्तीको सीमास्तम्भ नं. १९७ का १८ वटा घडेरी प्लटहरू अतिक्रमित छन्। शिवपुरको ४० नं.को पिलर भत्काएर अतिक्रमण गराईएको छ। शारदा ब्यारेजमा १४.८५ हे. जग्गा अतिक्रमण गरिएको छ।

५. कैलालीको वीरनाला र भन्दानालाबीचको सीमा स्तम्भ गायब गरी नेपालको भू-भाग र फूलबारी गाउँको मोहना नदीका दुबै किनाराका वन भारततिर गाभिएको छ।

६.१. बर्दियाको पराशन क्षेत्रका १९२ देखि १९८ नम्बरसम्मका सीमास्तम्भ र पाँचवटा उपसीमास्तम्भ गायव गरेर ६७.५ विघा जमिन अतिक्रण भएका छन्। शालापुरका सीमास्तम्भ नं. ६१/१ र ६१/४ हटाएर ७० विघा अतिक्रमण भएको छ। गुलरियाको दक्षिणतर्फको जंगल पनि अतिक्रमण गरेर निशाना लगाएका (म्झबचअबतष्यल) छन्। चभौकी र सरला गाउँ ६१ नं. सीमास्तम्भ गायव गरेर ६७.५ विघा जमिन अतित्रमण गरेका छन्। खैरी र तप्रामा ६२/२ देखी ६२/८ सम्म तथा सदरमुकाम गुलरिया न.पा.को सीमास्तम्भ गायब गरेर शयौं बिघा जमिन अतिक्रमण गरिएको छ।

६.२. यहाँ भएको यस्तो अतिक्रमणका कारण सीमा बलले बैयक्तिक इबी साँध्न २०६४ साल कार्तिक ९ गते साइकलमा घरायसी सामान किनेर घरतिर आएको अवस्थाको रामदुलारे चमारलाई एसएसविका शिवकुमार ठाकुरले दशगजामा गोली हानी हत्या गरियो र ३ दिनपछिमात्र शव फिर्ता गरेको थियो। बंगलादेशतिर यसैगर्ने गरेको रबैया अब नेपालतिर पनि थालिएको छ। यो घटना राज्य आतङ्क हो र नेपालीलाई तर्साएर काबुमा राख्ने नियतले गरिएको हो।

७. नेपालगन्जको सन्तालीया क्षेत्रमा दशगजा अतिक्रमण भएको छ।

८. दाङदेउखुरीको कोइलाबास रेन्जको हर्नडाँडा र डुडुवा रेन्जको भू-भाग भारतीयहरूले अतिक्रमण गरेका छन्। यसको क्षेत्रफल नाप्न बाँकी छ।

९. कपिलवस्तुको आरानालामा सीमास्तम्भ गायव गरिएर सालको वन गोण्डा जिल्लाको रामनगर वन डिभिजनले कब्जामा राखेको छ।

१०. रूपन्देहीको बेल्डिहा र सुनौली नाकामा अतिक्रमण गरेर त्यहाँ भारतले प्रहरी चौकी, शौचालय, भारत प्रवेशद्वारा, टेलिफोन र विद्युतका खम्बाहरू तथा अन्य केही भवन निर्माण गरेको छ।

११. नवलपरासीको नारायणी नदीको सुस्ता क्षेत्रमा ३७० घरका २५०० जनाले उपभोग गरेको सर्भेनापी भएर लालपुर्जा पाएका १४,८६० हे. जमिन भारतले अतिक्रमण गरेर आफना १००० जनतालाई बसाएको छ। त्यहाँका सीमास्तम्भ ३.५ कि.मी.उत्तर नेपालतिर सारिदिएका छन्। मदीचुरे दारानालामा अतिक्रमण भएको छ। भैसालोटनलाई बालमिकी नगर नामाकरण गरेर नेपालको संपदालाई भारतीय बनाउने मनोबैज्ञानिक दबाब सृजिएको छ।

१२.१. पर्साको ठोरीका २ वटा सीमास्तम्भ गायव गरिदिएका छन्। सीमास्तम्भ नं. ८३, ८४, ५, ४५, ४६ र ४७ लाई भत्काएर नामेट पारिदिएका छन्। २० विघा जमिनमा भारतीय सैनिकले कब्जा गरेर सैनिक अड्डा बनाएको छ। अलौ, सिर्सिया, विश्रामपुर र मिसवाका सीमास्तम्भ उखेलेर ५ सय विघाभन्दा बढी जमिन अतिक्रमण गरी भारतीय सीमा बलको परेड मैदान बनाइएको छ। चुरे पहाडको माथि ठूटे खोलाको शीरसम्म अतिक्रमण गरिएको छ। उक्त स्तम्भबीचको चुरे पहाडको तल्लो पानी ढलोको हजारौँ विघाको पाटो नै अतिक्रमण गर्न कोसिश गरिएको छ। सिरसिया क्षेत्रमा रहेको ३३ नं.को सीमास्तम्भ उखेलेर फाली सो ठाउँमा भारतले आफ्नो वाणिज्य दूतावास र भन्सार कार्यालयको भवन निर्माण गरेको छ।

१२.२. नेपालले रक्सौल-अमलेखगंज रेल सेवा सञ्चालन गर्न सन् १९२६ जून २९ तारिखमा भारतको पूर्वी चम्पारण मोतीहारी कोर्टबाट किनेको जग्गामा भारतीयले अतिक्रमण गरी ४ सयवटा फुसका, ४ वटा पक्की, तथा भारतीय कम्युनिष्ट पार्टी (माले) को पार्टी कार्यालय भवन समेत बनेको छ।

१३. बाराको ३८०/३ देखि ३८०/२६ सम्म भारतले एकतर्फी सर्भे नापी गरेर नेपालतिर नयाँ सीमास्तम्भ गाडेको छ। नेपालको संक्रमणकालीन तरल राजनीति भएको बेला पारी धेरै किसानको सयौँ बिघा खेत भारतमा पारिएको छ।

१४.१. रौतहट र पर्सा जिल्लाको सिमानामा पर्ने बलरामपुर घोदासनको नेपाली भूमिमा निकै नै अतिक्रमण हुन पुगेको छ। सो बारे एकपटक भारतसँग वार्ता भएर पनि कुनै टुङ्गो लाग्न सकेको छैन।

१४.२. रौतहटको जमुनाह गाविसको वडा नं ७ भारतीयको नियन्त्रणमा छ।

१५. सर्लाहीका त्रिभूवननगर गाविसका स्तम्भ नं २५ देखि ३९ सम्म, संग्रामपुर गाविसको हथौलासम्मको भू-भाग, स्तम्भ नं २९ देखि ५१ सम्मका पुरानो सीमास्तम्भ गायव गरिएको छ। जिल्लाका १५ गाविसका दशगजा अतिक्रमण गरेर भारतीय नागरिकलाई घर बनाएर बस्न दिइएको छ।

१६. सप्तरी जिल्लाका छिन्नामस्ता, रामपुर मलहोनियाका, सुवर्णपट्टी, लालपट्टी-गोबिन्दपुर, कुनौली विश्णुपुर र गोवर्धन गाउँहरूका सीमा क्षेत्रमा ५० मिटरभन्दा बढी सीमा अतिक्रमण गरिएका छन्।

१७. सुनसरी जिल्लाका कटैया, पकलिया, भन्टाबारी, शिवगन्ज, शाहेवगन्जका सीमा क्षेत्रमा ७००० बिघाभन्दा बढी भू-भाग अतिक्रमण गरिएको छ।

१८. मोरङको लुना नदीसँगै एक कि.मि. लामो भू-भाग अतिक्रमित छ। वरडंगा, आमगाछी, महादेवा, कर्सिया, रंगेलीया, झुर्किया, वरडंगा, लुना नदी किनारामा सीमास्तम्भ सारिएका छन्, कही भत्काइएका छन् र दशगजा मिचिएका छन् , घर बनाइएका छन्, व्यवसाय चलाइएका छन्।

१९. झापाको दक्षिण र पूर्वपट्टि पृथ्वीनगरछेउमा भारतीयहरूले घर बनाएर बसेका छन्। त्यहाँ अर्को एउटा दशगजा र फेरि तेस्रो दशगजा नेपालपट्टिको जमिनमा बनाइदिएका छन्। पाठामारी, मेची नगरपालिका, नकलबन्धा, बाहुनडाँगी गाविसका सीमानाका भू-भाग अतिक्रमित भएका छन्। मेची नदीको पारीपट्टिको महेशपुर गाविसको वडा नं. २ को जग्गा १७९ वर्षपछि भारतले आफ्नो भूमि भनेर दावी गरेको छ। खडा रहेको जंगेस्तम्भको ख्याल वास्तै नगरी भद्रपुर नगरपालिकाभित्र आएर सीमास्तम्भ गाडेका छन्। नेपालको जग्गा नाप जाँच ऐन अन्तर्गत सर्भे नापी भै मालअड्डा समेतमा लागत कायम भएको ३ सय विघा जमिनलाई भारतले दावी गरेको छ। मेची नदी धार सँगसँगै दुई देशबीचका सीमास्तम्भ ज्यूँका त्यूँ छँदाछँदै हजारौं हेक्टर नेपालको भू-भाग भारतमा पर्नेगरी एकतर्फी रूपमा नयाँ सीमास्तम्भ गाडेकोले सामाजिक खलबल समेत पारिदिएको छ।

२०. इलामको पशुपतिनगरको पिलर नं.७१/२२ मा २००० वर्ग मिटर दशगजाक्षेत्र अतिक्रमण गरी भन्सार कार्यालय निर्माण गर्न थालेको छ र भारतीय नागरिकहरूले घर पनि बनाएका छन्। मानेभन्ज्याङमा भारतीयहरूले अतिक्रण गरेका छन्, त्यसमा स्थानीय बासिन्दाले प्रतिकार गरिरहेका छन्। इलामको ३६३६ मिटर उचाईको सन्दकपुर (सन्तपुर) क्षेत्रमा भारतले नेपाली भू-भागमा ३२ कि.मि. लामो सडक निर्माण गरेको छ। इलामकै जौबारी र कालपोखरीबीचको जग्गामा पनि भारतले बिवाद खडा गरेको छ।

२१. पाँचथर जिल्लाको च्याङथापु र टिमुरपोखरी क्षेत्रमा भारतीय सेनाले नेपाली भूमी मिचेका छन्। पाँचथरको चिवा भञ्ज्याङमा भारतीयहरूले नेपाली भूमी मिचेर स्याङचुरी निर्माण गरेको छ।

२२. ताप्लेजुङ जिल्लाको फालेलुङ क्षेत्रको नेपाली भू-भाग मिचेर सिक्किमको वन संरक्षण गरको छन्। भारतपट्टि वन आरक्षण गरेपछि सिकिकमका वस्तु नेपालमा चर्न थालेका छन्। फालेलुङपारि सिक्किमतर्फको वन संरक्षण गरेर नेपालपट्टिको भू-भागमा पशु चरन बनाएका छन्। त्यहाँ चरन चोरी गर्दछन् र जडीबुटी पनि लाने गर्दछन्। सुरक्षा बलका कारण नेपालीहरू असुरक्षित ठानी नेपालतिर पछि सर्दै आएका छन्। पछि हट्नुले उनीहरूको हेप्ने मनोवल बढेको छ।

नेपाली उनहिरूको भयले नेपालतिर चापिदै गएपछि नेपाली भूमि अतिक्रमण गर्न सहज भएको छ। भारतले सिघिला पार्क निर्माण गरेपछि ...बाँकी ७ पेजमा

# भ्रष्टाचारको अखडा बन्दै समाजकल्याण परिषद्

## रकम चलखेलमा परी मन्त्री थापाले गरे भ्रष्ट कर्मचारीहरूको बढुवा



भगवती संग्रौला




मन्त्री विक्रम थापा

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं। समाजकल्याण परिषद् भ्रष्टाचार र कमिसनको अखडामा परिणत भएको छ। भ्रष्ट कर्मचारीहरूको बोलवाला रहेको परिषद्मा अरबौंको भ्रष्टाचार हुने गरेको परिषद्कै कर्मचारीहरू नाम नबताउने सर्तमा बताउँछन्। बाघको छालामा स्यालको रजाइँ भनेजस्तै राज्यको ढिकुटीमा भ्रष्ट कर्मचारीहरू, मन्त्री र उच्च राजनीतिक नेतृत्वहरूले ब्रम्हलुट मच्चाएका छन्। समाज कल्याण परिषद् भ्रष्ट मन्त्री तथा राजनीतिक नेतृत्वका लागि चोरलाई चौतारो सावित भएको छ। विदेशी डोनरहरूको स्वीकृति र अनुगमन, भिसा, भृकुटीमण्डपको स्रोत साधनलगायत बाट प्राप्त हुने रकममाथि व्यापक हिनामिना गर्ने गरेको स्रोतको दावी छ।


परिषद्मा यतिसम्म दण्डहिनता बढेर गएको छ कि उच्चस्तरीय छानविन समिति र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत हदैसम्मको कारबाहीको लागि सिफारिश गरिएको व्यक्तिलाई बढुवा गर्ने र आर्थिक लाभ हुने ठाउँमा जिम्मेवारी सुम्पिने काम भएको छ। ठूलै रकमको चलखेल गरेर यसरी छानविन समिति र आयोगलाई खुल्मखुल्ला चुनौती दिँदै भ्रष्ट कर्मचारीहरूलाई कारबाही गर्नुको साटो बढुवा गर्नेमा राप्रपाबाट मन्त्री बनेका विक्रमबहादुर थापा सबैभन्दा अगाडि देखिएका छन्। चुनावपछि नयाँ सरकार बन्न ढिलाई भएको समयको नाजायज फाइदा उठाउँदै मन्त्री थापाले परिषद्की विवादित, भ्रष्ट र छानविन समिति र आयोगले कारबाही सिफारिश गरिएकी उपनिर्देशक भगवती संग्रौलालाई कारबाही गर्नुपर्नेमा बढुवा गर्ने र शुभलाभको पदमा आसिन गराउने काम गरेका छन्। अनुगमनको उपनिर्देशक रहेकी संग्रौलालाई विषय नै नमिल्ने असम्बन्धित लेखा प्रमुखमा आसीन गराई प्रशासनबाट सञ्चालन हुँदै आएको भृकुटीमण्डप सञ्चालन कार्यालयको प्रमुखको समेत जिम्मेवारी सुम्पिएको छ। मन्त्री थापाले पौष महिनामा बसेको परिषद्को कार्यसञ्चालन समितिको बैठकबाट निर्णय गर्दै संग्रौलालाई परिषद् तथा भृकुटीमण्डपकको सबै आर्थिकको ताला चाबी बुझाएका छ। भृकुटीमण्डपको समेत तालाचावी संग्रौलाको हातमा पुगेपछि भृकुटीमण्डपका घरजग्गाहरू फेरि बिक्री वितरण गरिने र ठेक्का पट्टामा लगाई ठूलो रकमको चलखेल हुने आशंका बढाएको छ।



छानबिन समितिको ठहरः

पत्रकार दुर्व्यवहार घटनामा निर्देशक, कामु उपनिर्देशक र सहायक निर्देशक भगवती संग्रौला संलग्न देखिएकोले समाज कल्याण परिषद् कर्मचारी सेवा शर्त नियमावली २०५० मा व्यवस्था भएबमोजिम कारवाही गर्नुपर्ने देखिन्छ।

परिषदमा रहेका संघ, संगठनमा आबद्ध केही कर्मचारीले हकहितका लागि भनेर गठन गरेको 'संस्थागत विकास तथा कर्मचारी हकहित संरक्षण समिति, सकप २०६८' को कानुनी हैसियत नरहेको तर आन्दोलनको अगुवाई गरि अराजकता, अनुशासनहीनता सृजना गरेको पाइयो। अतः



भगवती संग्रौला तिनै व्यक्ति हुन् जसलाई समाज कल्याण परिषद्मा पत्रकारमाथि भएको कुटपिटको घटनाका सम्बन्धमा बनेको उच्च स्तरीय छानविन टोलीको प्रतिवेदन २०६८ ले हदैसम्मको कारवाही गर्न निर्देशन दिएको थियो। छानविन टोलीको प्रतिवेदनमा भनिएको छ- 'पत्रकार दुर्व्यवहार घटनामा निर्देशक, कामु उपनिर्देशक र सहायक निर्देशक भगवती सङ्ग्रौला संलग्न देखिएकाले समाज कल्याण परिषद् कर्मचारी सेवा सर्त नियामावली २०५० बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ।'

त्यस्तै, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २०७२-७३ को वार्षिक प्रतिवेदनमा पनि परिषदको छानविन प्रतिवेदनका आधारमा सङ्ग्रौलालाई कारवाही गर्न भनिएको छ। तर, यी दुवै निर्देशनको बेवास्ता गर्दै सङ्ग्रौलालाई कारवाहीको साटो बढुवा र महत्वपूर्ण ठाउँमा जिम्मेवारी दिइएको छ।

महिला तथा बालबालिका मन्त्रालयका मन्त्री अध्यक्ष रहने परिषद् बोर्डमा तत्कालीन मन्त्री आशा कोइरालाको कार्यकालमा सङ्ग्रौलाको पहिलो पटक बढुवा सिफारिस भएको थियो।

त्यही सम्बन्धमा पुनः अख्तियारले अनुगमन गर्ने क्रममा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई पत्र पठाई भगवती संग्रौलालगायत कामु प्रशासन प्रमुख प्रल्हाद पन्तमाथि कारबाहीको सिफारिश गरेको थियो। मन्त्रालयले संग्रौला र पन्तको विषयमा थप छानविनका लागि ३ सदस्यीय छानविन समिति गठन गऱ्यो। मन्त्रालयले गठन गरेको यस छानविन समितिलाई सदस्य सचिव डिल्लीप्रसाद भट्टले आर्थिक प्रलोभनमा परी प्रमाणहरू लुकाई झुठो विवरण उपलब्ध गराएको मन्त्रालयको छानविन प्रतिवेदनबाट बुझ्न सकिन्छ। उच्चस्तरीय छानविन प्रतिवेदन र आयोगको कारबाही सिफारिश कार्यान्वयन गराउनुको सट्टा दोषी करार गरिएका व्यक्तिहरूलाई बढुवा गर्नुमा मन्त्रालयको भूमिका पनि रकम चलखेलबाट प्रभावित भएको त होइन भन्ने प्रश्न उठेको छ भने आयोगबाट निर्णय गरिसकेको विषयलाई अनुगमन गरी कारबाही गर्नुको सट्टा मन्त्रालयलाई पत्राचार गरेपछि अख्तियार स्वयम्को भूमिकामाथि पनि प्रश्न चिन्ह उठेको छ।


परिषद्का कर्मचारीहरूका अनुसार परिषद्मा हेमे भनेर चिनिने गार्ड हेमबहादुर बुढाथोकीको आतंक बढेर गएको छ। परिषद्का हाकिमहरूको संरक्षणमा उनले परिषद्मा हुने भ्रष्टाचार, कमिसन र अनियमितताको विषयमा कुरा उठाउने इमान्दार कर्मचारीहरूमाथि गुण्डागर्दी गरेर आतंकित पार्ने र ...बाँकी ७ पेजमा

# महान् लेनिनका सार्वभौम योगदानहरूका सम्बन्धमा



● हस्तबहादुर केसी ●

*'नांगो संशोधनवाद, जसप्रति मजदुर जनसाधारणको मनमा तुरून्तै घृणा पैदा हुन्छ, त्यति भयावह र हानिकारक हुदैन, जति मध्यवर्गको त्यो सिद्धान्त जसले अवसरवादी व्यवहारलाई न्यायसंगत प्रमाणित गर्नको लागि मार्क्सवादी सूत्रहरूको उपयोग गर्दछ र अनेकौं कुकर्महरूको सहायताबाट क्रान्तिकारी कारबाही असामयिक छ भन्ने कुरा सिद्ध गर्न प्रयत्न गर्दछ आदि । यो सिद्धान्तका सबैभन्दा कुख्यात प्रवक्ता र साथै दोस्रो इन्टरनेसनलका कुख्यात अधिकारी कार्ल काउत्सकीले आफूलाई परपाखण्डी तथा मार्क्सवादसित अनाचार गर्ने कलामा साटिएको व्यक्ति सिद्ध गरेका थिए ।'* - ***भ्लादिमिर इल्यिच लेनिन***



**सन्दर्भ : महान् अक्टुबर क्रान्ति शतवार्षिकी**

विश्वसर्वहारावर्गका महान् नेता एवं लेनिनवादका प्रवर्तक भ्लादिमिर इल्यिच लेनिनको जन्म २२ अप्रिल १८७० मा रुसको सिम्बिर्स्क सहर (हालको उल्यानोमस्क) भएको थियो । यो सहर महान् रुसी नदी भोल्गाको किनारमा पर्दछ । र भोल्गाको आसपासका अन्य क्षेत्रहरूमा भ्लादिमिर इल्यिच लेनिनको बाल्यअवस्था र यौवन बित्यो ।

लेनिनका बाजे निकोलाई उल्यानोभ निझ्रेगरद गुबोर्नियका बासिन्दा हुनुहुन्थ्यो । उहाँ रुसी भूदास हुनुहुन्थ्यो । लेनिनको बुबा इल्या निकोलाएभिच उल्यानोभ उच्च शिक्षा हासिल गर्नुभएका एक शिक्षित व्यक्ति हुनुहुन्थ्यो ।

लेनिनकी आमा मारिया अलेकसान्द्रभ्ना एक डाक्टरकी छोरी हुनुहुन्थ्यो । उहाँले घरमै शिक्षा पाउनु भएको थियो । लेनिनकी आमाले धेरै विदेशी भाषाहरू जान्नु भएको थियो । उहाँले साहित्य र संगीतप्रति ठूलो प्रेम राख्नु हुन्थ्यो ।

उल्यानोभ परिवारमा ६ जना केटाकेटीहरू थिए- आन्ना, अलेकसान्दर, भ्लादिमिर, ओल्गा दिमित्री र मारिया । बाबुआमाले केटाकेटीहरूलाई बहुपक्षीय शिक्षा दिने र उनीहरूलाई परिश्रमी, इमान्दार, सुशील र सार्वजनिक आवश्यकताहरूप्रति जागरुक बनाउने भरसक प्रयास गरे । यो कुनै संयोगको कुरा थिएन कि उल्यानोभ परिवारका सबै केटाकेटीहरू पछि गएर क्रान्तिकारी बने ।

भ्लादिमिर उल्यानोभ (लेनिन) को लेनिनको बाल्यावस्था विशाल र असाधारण रूपमा मिलनसार परिवारमा बित्यो । उहाँ केटाकेटी उमेरदेखि नै निकै साहसी र प्रफुल्ल मिजासको हुनुहुन्थ्यो ।

पाँच वर्षकै उमेरमा लेनिनले पढ्न लेख्न सिक्नुभयो । नौ वर्षको उमेरमा उहाँ सिम्बिर्स्क जिम्नेसियमको पहिलो दर्जामा भर्ना हुनुभयो । लेनिन असाधारण प्रतिभाशाली छात्र हुनुहुन्थ्यो । पढाइ नै उहाँका लागि सबैभन्दा ठूलो कुरा थियो । उहाँ आफ्नो कक्षामा सधैं पहिलो स्थान ग्रहण गर्नुहुन्थ्यो ।

लेनिन किताबहरू पढ्न धेरै रुचाउनु हुन्थ्यो । उहाँले सानै उमेरमा पुस्किन, लेभेन्तम, गोगल, तुर्गेनेभ, तिक्रासभ, साल्तिकोभ-सौद्रिन र तालस्टायकका कृतिहरू पढिसक्नु भएको थियो । लेनिनले बेलिन्स्की, गेर्चेन, चेर्निसेभ्स्की दोब्रोल्यूबोभ र पिसारेभजस्ता क्रान्तिकारी डेमोक्रेटहरूका पनि पढ्न भ्याइसक्नु भएको थियो । यी लेखकहरूका धेरैजस्ता कृतिहरू त्यसबेला प्रतिबन्धित थिए । चेर्निसेभ्स्कीको उपन्यास 'के गर्ने' ? उहाँलाई विशेष मन पर्थ्यो ।

युवा लेनिनका दृष्टिकोणहरूमाथि उहाँको परिवार र वरिपरिको जीवन, प्रगतिशील रुसी साहित्यले निकै ठूलो प्रभाव पारेको थियो ।

लेनिन आफ्नो जेठो दाजु अलेक्सान्दरबाट निकै प्रभावित हुनुहुन्थ्यो । अलेक्सान्दर दरिलो स्वभाव र धेरै उच्च नैतिक चरित्र भएका व्यक्ति हुनुहुन्थ्यो । लेनिनकी दिदी आन्ना इल्यिनिच्ना उल्यानोभ एलिजारोभाले आफ्नो संस्मरणमा भन्नुभएको थियो, 'प्यारो भाई अलेक्सान्दरको उदाहरण भ्लादिमिरको लागि निकै महत्वपूर्ण थियो ।' बालककालदेखि नै लेनिनले हरेक कुरामा दाजुको अनुशरण गर्नुहुन्थ्यो । आफ्नो जेठो दाजु अलेक्सान्दरबाट नै लेनिनले मार्क्सवादको साहित्यको प्रारम्भिक ज्ञान हासिल गर्नुभएको थियो ।

सन् १८८६ मा अकस्मात पिताको देहावसान भयो । किशोर अवस्थामा नै लेनिनले ठूलो चोट सहनु पर्‍यो । मार्च १८८७ मा दाजु अलेक्सान्दर पिटर्सवर्गमा गिरफ्तार हुनुभयो । उहाँमाथि रुसी जार अलेक्सान्दर तृतीयाको हत्या षड्यन्त्रमा सामेल भएको आरोप लगाइएको थियो । त्यसै वर्षको मे महिनामा अलेक्सान्दरलाई शिलसेलबुर्ग किल्लामा फासी दिएर हत्या गरियो । आन्ना इल्यिनिच्नाले लेख्नु भएको थियो, 'अलेक्सान्दर सहिद भए । उनको रगतले चम्किएको क्रान्तिकारी लाली, उनकै बाटोमा लागेका भाइ भ्लादिमिरको लागि पथप्रदर्शक बन्यो ।'

दाजुको फासीले लेनिनलाई ठूलो चोट पुर्‍यायो । उहाँले आफ्नो सम्पूर्ण जीवन क्रान्तिकारी संघर्षमा लगाउने संकल्प गर्नुभयो । लेनिनले व्यक्ति हत्याको बाटो गलत ठहर गरि त्यसलाई त्यागेर संघर्षको बाटो रोज्नुभयो । सन् १८९६ मा लेनिनकी आमाको मृत्यु भयो । त्यतिबेला लेनिन साइबेरियामा निर्वासनमा हुनुहुन्थ्यो ।

'ठोस परिस्थितिको ठोस विश्लेषण नै मार्क्सवादको आत्मा हो' भन्नु हुने लेनिन मार्क्सवादको सिर्जनात्मक प्रयोगकर्ता हुनुहुन्छ । 'मार्क्सवाद कुनै निर्जीव जडसूत्र होइन, यो कुनै बनिबनाउ, पूर्ण, अपरिवर्तनीय सिद्धान्त होइन, अपितु यो कामको सजीव मार्गदर्शक सिद्धान्त हो' भन्नुहुने लेनिन लेनिनवादका प्रवर्तकसमेत हुनुहुन्छ ।

पार्टी निर्माण र परिचालनका निम्ति जनवादी केन्द्रीयताको सिद्धान्त अर्थात् लेनिनवादी संगठनात्मक सिद्धान्तका प्रतिपादकसमेत रहनु भएका लेनिनले समाज विज्ञानको विकासको नियमलाई ऐतिहासिक भौतिकवादी द्वन्द्ववादको आधारभूत सिद्धान्तका आधारमा साम्राज्यवाद पुँजीवादको चरम अवस्था, पुँजीवादको भरनासन्न अवस्था हो र आजको युग साम्राज्यवाद र सर्वहारावर्गबीचको भीषण संघर्षको युग हो' भन्ने विश्लेषण गर्दै 'साम्राज्यवादी युग सर्वहारावर्गले पूरा गर्ने क्रान्तिको पूर्वबेला हो' भन्नुहुने लेनिनले वैज्ञानिक समाजवादी क्रान्तिका निम्ति कुनै देशमा वस्तुगत र आत्मगत परिस्थिति परिपक्व भनेको छ भने एउटै देशमा पनि समाजवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ भन्नु हुँदै लेनिनले सन् १९१७ अक्टुबर २५ (नोभेम्बर ७, रुसी क्यालेण्डर अनुसार) मा महान् रुसी अक्टुबर समाजवादी क्रान्ति आफ्नै नेतृत्वमा सम्पन्न गरेर व्यवहारमै प्रमाणित गरिदिनु भएको थियो । यो भन्दा पहिले मार्क्सले संसारभर पुँजीवादी क्रान्ति भएपश्चात् विश्वभर एकै साथ समाजवादी क्रान्ति सम्पन्न भएर मानव समाज साम्यवादतिर अगाडि बढ्ने छ भन्नुभएको थियो ।

'प्रत्येक क्रान्तिको आधारभूत प्रश्न राज्यसत्ताको प्रश्न हो । यो प्रश्नलाई बुझिएन भने क्रान्तिमा बुद्धिमत्तापूर्ण सहभागिता हुन सक्दैन, क्रान्तिको अगुवाइ गर्ने त झन कुरै छोडौं' भन्नु हुने लेनिन संगठनात्मक एवम् राजनीतिक तथा सैद्धान्तिक रूपमा यसरी अगाडि बढ्नु भयो । जो यसप्रकार छ-

सन् १८९२ मा लेनिन सामारामा पहिलो मार्क्सवादी अध्ययन मण्डली खोल्नुभयो । मजदुर स्कुलकी मास्टर्नी नादेज्दा कन्स्ताम्तिनोभ्ना क्रुप्सकायासँग पहिलोचोटि सन् १८९४ मा लेनिनको जास्ताभाको आइतबारे सन्ध्या स्कुलमा परिचय भयो । त्यसपछि सामूहिक कार्यले दुवैलाई नजिक ल्यायो । सन् १८९५ मा लेनिनले पिटर्सवर्गका मार्क्सवादी अध्ययन मण्डलीहरूलाई संगठित गर्नुभयो । त्यसलाई मजदुरवर्ग मुक्ति संघ नाम दिइयो । यो रुसको क्रान्तिकारी मार्क्सवादी पार्टीको पहिलो बीउ थियो ।

सन् १८९७ फरबरी १३ मा लेनिनलाई ३ वर्षे पूर्वी साइबेरिया जाने निर्वासन दण्ड दिइयो । यो ३ वर्षे अवधिमा लेनिनले ३० वटा महत्वपूर्ण कृति लेख्नुभयो । एक वर्षपछि क्रुप्सकायालाई पनि मुक्ति संघमा लागेको आरोपमा निर्वासनमा पठाइयो तर लेनिनको दुलहीको रूपमा शुशेन्सकोयेमा निर्वासन काल बिताउने अनुमति दिइयो र त्यही लेनिनसँग विवाह भयो ।

निर्वासन सिद्धिएर फर्किएपछि सन् १९०० को मे महिनामा पिटर्सवर्गको गोप्य भ्रमण गर्दा लेनिन गिरफ्तार हुनुभयो, तर रिहा हुनुभयो । त्यसपछि १६ जुलाई १९०० मा लेनिन जर्मनीतर्फ लाग्नुभयो र त्यहाँ उहाँ ५ वर्षसम्म रहनुभयो ।

सन् १९०० को डिसेम्बरमा इस्क्रा (फिलिङ्गो) को पहिलो अंक जर्मनीबाट प्रकाशित भयो । त्यसपछि उक्त पत्रिका १९०२ मा लण्डनबाट र १९०३ मा जेनेभाबाट प्रकाशित भयो । यो पत्रिका निकाल्न लेनिनलाई पूरै १ वर्ष लाग्यो । पत्रिकाको सबैभन्दा माथि 'यो फिलिङ्गो राँको बन्नेछ' लेखिन्थ्यो । यस पत्रिकालाई १९०३ को रसियाली सामाजिक जनवादी मजदुर पार्टीको दोस्रो महाधिवेशनले मुखपत्रको रूपमा मान्यता प्रदान गर्‍यो ।

सन् १९०१ देखि भ्लादिमिरले आफ्ना केही लेखहरू लेनिनको नामबाट छपाउन थाल्नुभयो । (क्रुप्सकायाको भनाइअनुसार लेनिन नाम साइबेरियाली नदी लेनाबाट राखिएको हो ।)

सन् १९०५ अप्रिलमा लण्डनमा रसियाली सामाजिक जनवादी मजदुर पार्टीको तेस्रो महाधिवेशन बस्यो । महाधिवेशनले लेनिनलाई पार्टी अध्यक्ष निर्वाचित गर्‍यो । यसलाई लेनिनले दुई महाधिवेशन र दुई पार्टीको संज्ञा दिनुभयो किनभने मेन्सेभिकहरू महाधिवेशनमा उपस्थित हुन अस्वीकार गरेका थिए । लेनिन पार्टीको मुखपत्र प्रलेतारिइको सम्पादक मनोनीत हुनुभयो ।

सन् १९०५ नोभेम्बरमा लेनिन पिटर्सवर्ग जानुभयो र देशभित्रै बसेर पार्टी र विद्रोहको नेतृत्व गर्न थाल्नुभयो ।

सन् १९०५ अक्टोबर-डिसेम्बरसम्मको विद्रोहले पराजय भोगे पनि त्यो लेनिनको भनाइमा मजदुरवर्गको अविष्मरणीय कदम हो ।

सन् १९०६ अप्रिलमा पार्टीको चौथो एकता महाधिवेशनमा भाग लिन लेनिन स्टकहोम जानुभयो । यसमा मेन्सेभिकहरू पनि सहभागी थिए तर भूमिसम्बन्धी नीतिमा बोल्सेभिकहरूसँग घमासान संघर्ष भयो । पार्टी केन्द्रीय समितिमा मेन्सेभिकहरूले आफ्नो बहुमत कायम गर्न सफल भएर पार्टी मुखपत्र पनि कब्जा गरे ।

सन् १९११ को वसन्तमा लेनिनले पेरिस नजिक लोन्स्युमो वस्तीमा पार्टी स्कुल खोल्नुभयो । यो स्कुल भावी बोल्सेभिक पार्टी स्कुल र कम्युनिष्ट विश्वविद्यालयको जग थियो, जसमा भूमिगत मजदुर कार्यकर्ताहरू अध्ययन गर्थे ।

सन् १९१२-१४ को अवधिमा प्राभ्दामा २८० भन्दा बढी लेनिनका लेखहरू छापिए र यी लेखहरूमध्ये धेरै भ.इल्यिन, भ.फ्रेइ, भ.इ., त, प्राभ्दावादी, तथ्यांकशास्त्री, पाठक उपनाममा लेखिएका थिए ।

सन् १९१२ को शरदमा चौथो ड्यूमाको चुनाव भयो र लेनिनको पार्टी बोल्सेभिकले पनि भाग लियो, जसमा ६ जना निर्वाचित भएका थिए । उता मेन्सेभिकका ७ जना निर्वाचित भए ।

प्रथम विश्वयुद्धको कडा विरोध गर्ने लेनिनलाई झूट्टो सूचनाको आधारमा अष्ट्रियाली सरकारले गिरफ्तार गर्‍यो र जारशाहीको जासूसीको आरोप लगाइयो । लेनिनका पाण्डुलिपीहरूलाई जासूसी कोड भएको दस्तावेज भनियो तर व्यापक जनदवावपछि २ हप्तामा छोडियो ।

सन् १९१७ फरबरीमा बोल्सेभिक पार्टीको आव्हानमा पेट्रोग्रादमा मजदुरहरूले आमहड्ताल गरे । यसमा २ लाखभन्दा बढी मजदुर सहभागी थिए । नारा थिए- जारशाही- मूर्दावाद, युद्ध नाश होस्, रोटी-रोटी ।

सन् १९१७ अप्रिल ३ को राती लेनिन झण्डै १० वर्षपछि निर्वासनबाट पेट्रोग्राद फर्कनु भयो । लालझण्डा बोकेका हजारौ श्रमिकहरूलाई बुलेटप्रुफ मोटरमा चढेर सम्बोधन गर्नुभयो ।

बुर्जुवा जनवादीक्रान्तिले बुर्जुवावर्गको हातमा सत्ता गएपछि लेनिनले अस्थायी सरकारलाई असहयोग र सम्पूर्ण सत्ता सोभियतहरूलाई भन्ने नारा अघि सार्नुभयो ।

सन् १९१७ जुलाइ ५ को राती जारशाहीका गुण्डाद्वारा प्राभ्दाको कार्यालयमा आक्रमण गरे, जहाँ लेनिन हुनुहुन्थ्यो तर उहाँ बाँच्न सफल हुनुभयो ।

अस्थायी सरकारको अध्यक्ष केरेन्स्कीले लेनिनलाई गिरफ्तार गर्न मद्दत गर्ने व्यक्तिलाई धेरै पैसा इनाम दिने घोषणा गर्‍यो तर लेनिन भने पेट्रोग्राद नजिकको राजलिफ तलाउको किनारामा रहेको छाप्रोमा फिनल्याण्ड निवासी घाँसीको रूपमा भूमिगत भई काम गर्न थाल्नुभयो । त्यहीं उहाँले 'राज्य र क्रान्ति' भन्ने प्रसिद्ध पुस्तक लेख्नुभयो ।

सन् १९१७ जुलाइको अन्त्यमा पेट्रोग्राद अर्धभूमिगत ढंगबाट पार्टीको छैठौं महाधिवेशन भयो र लेनिन अस्थायी सरकारको न्यायालयमा जान नहुने निर्णयसहित लेनिनलाई सम्माननीय अध्यक्षमा चुन्यो ।

सन् १९१७ अक्टोबर १६ मा बसेको पार्टी केन्द्रीय समितिको विस्तारित बैठकलाई लेनिनले सम्बोधन गर्दै तुरुन्तै सशस्त्र विद्रोह सुरु गर्न आव्हान गर्नुभयो ।

सन् १९१७ अक्टोबर २५ को विहानीपख टेलिफोन, टेलिग्राम, रेडियो स्टेशन, नेभा नदीका पुलहरू, रेल स्टेशनहरू र राजधानीका मुख्य-मुख्य अड्डाहरूमा विद्रोही मजदुर, सिपाही र नौसैनिकहरूले कब्जा गरे ।

त्यसैदिन श्रमिक तथा सैनिक डेपुटीहरूको पेट्रोग्राद सोभियत क्रान्तिकारी सैनिक समितिले नागरिकहरूलाई सम्बोधन गरिएको एक घोषणापत्र प्रकाशित गर्‍यो ।

त्यसैदिन २.३० बजे पेट्रोग्राद सोभियतको ऐतिहासिक बैठक सुरु भयो र त्यहाँ लेनिनले समाजवादी क्रान्तिको विजयबारे निकै जोशिलो भाषण दिनुभयो ।

सोभियतहरूको दोस्रो महाधिवेशनले श्रमिक तथा सैनिक डेपुटीहरूका सोभियतहरूको एक अखिल रसियाली केन्द्रीय कार्यकारिणी समिति छान्यो र मन्त्रिमण्डल (कमिसार परिषद्) पनि गठन गर्‍यो । जसको अध्यक्षमा लेनिन चुनिनुभयो ।

सन् १९१८ मार्च ६ को दिन पेट्रोग्रादमा सातौं पार्टी महाधिवेशन सुरु भयो । यसमा लेनिनको प्रस्तावअनुरूप पार्टीको नाम रसियाली कम्युनिष्ट पार्टी (बोल्सेभिक) राखियो ।

सन् १९१८ अगस्त ३० मा एसेर पार्टीकी सदस्य काप्लानले लेनिनमाथि गोली चलाइ र लेनिन सख्त घाइते हुनुभयो, किनभने ती गोलीहरू विषाक्त थिए ।

सन् १९१९ को मार्चमा मस्कोमा तृतीय अन्तर्राष्ट्रियको गठन र प्रथम महाधिवेशनमा लेनिनले नेतृत्व प्रदान गर्नुभयो ।

जनवरी २३ मा महान् लेनिनको देह गोर्कीबाट मस्को ल्याइयो र संघीय भवनको स्तम्भ हलमा राखियो । ४ दिनसम्म लाखौं मजदूर र किसान (बच्चादेखि वृद्धासम्म) हरूले आफ्ना महान नेता लेनिनबाट बिदा हुँदै श्रद्धाञ्जली दिए ।

जनवरी २७ दिउँसो ४ बजे लेनिनको अन्त्येष्टिको जुलुस निस्कियो । लेनिनको देह कफन लालमैदान विशेष रूपले बनाइएको समाधिमा राखियो ।

लेनिनद्वारा लिखित निम्न पुस्तकहरूले मार्क्सवादी ज्ञानसिद्धान्तलाई समृद्धशाली बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् । जो यसप्रकार छन्-

१. आर्थिक स्वच्छन्दताको चरित्र चित्रण (१८९७, दर्शन)
२. रुसमा पुँजीवादको विकास (१८९९, अर्थशास्त्र)
३. के गर्ने ? (१९०१-०२, समाजवाद)
४. एक पाइला अघि दुई पाइला पछि (१९०४, समाजवाद)
५. जनवादी क्रान्तिमा सामाजिक जनवादका दुई कार्यनीति (१९०५, समाजवाद)
६. क्रान्तिकारी पार्टी र क्रान्तिकारी सेना (१९०५, समाजवाद)
७. भौतिकवाद र अनुभवसिद्ध आलोचना (१९०८, दर्शन)
८. मार्क्सवाद र संशोधनवाद (१९०८, समाजवाद)
९. मार्क्सवादका ३ स्रोत र ३ संघटक अंग (१९१३, दर्शन)
१०. दार्शनिक नोटबुक (१९१४-१६, दर्शन)
११. साम्राज्यवाद : पुँजीवादको चरम अवस्था (१९१६, अर्थशास्त्र)
१२. समाजवाद र युद्ध (१९१६, समाजवाद)
१३. समाजवादी क्रान्ति र जातिहरूको आत्मनिर्णयको अधिकार (१९१६, समाजवाद)
१४. सर्वहारावर्गको सैन्य कार्यक्रम (१९१६, समाजवाद)
१५. युद्ध र क्रान्ति (१९१७, समाजवाद)
१६. राज्य र क्रान्ति (१९१७, समाजवाद)
१७. मार्क्सवाद र विद्रोह (१९१७, समाजवाद)
१८. अप्रिल थेसिस (१९१७, समाजवाद)
१९. सर्वहारा अधिनायकत्वको युगमा अर्थनीति र राजनीति (१९१९, अर्थशास्त्र)
२०. सर्वहारा क्रान्ति र गद्दार काउत्स्की (१९२०, समाजवाद)
२१. वामपन्थी साम्यवाद : एक बालरोग (१९२०, समाजवाद)
२२. जुझारु भौतिकवादको महत्व (१९२२, दर्शन)
२३. सहकारी व्यवस्थापनबारे (१९२३, अर्थ) ।

यस अतिरिक्त दसौं खण्डमा एक सेट, आठौं खण्डमा एक सेट, चौथो खण्डमा एक सेट र उहाँका ४५ वटा संकलित रचनाहरू प्रकाशित भएका छन् ।

*लेनिनका यहाँ उल्लेखित कृतिहरू ज्यादै मननीय छन्-*

विजय प्राप्त गर्ने र शक्ति आफ्नो हातमा लिने कुरा तिनै मानिसको लागि सम्भव छ, जो जनतालाई विश्वास गर्छन् र जो जनताको सिर्जनात्मक प्रतिभामा विश्वास राखेर फड्को मार्नका लागि तयार हुन्छन् ।

तिमी त्यतिबेला मात्र कम्युनिष्ट हुनसक्छौ, जतिबेला मानव जातिले सिर्जना गरेका सम्पूर्ण खजानाहरूले आफ्नो मस्तिष्कलाई तिमी समृद्ध पार्न सक्छौ । *...बाँकी ७ पेजमा*

# कस्तो साहित्यलाई प्रगतिवादी वा समाजवादी यथार्थवादी साहित्य भन्ने ?

-प्रा.डा. जगदीश चन्द्र भण्डारी

अक्टोबर समाजवादी क्रान्ति दर्शन, सिद्धान्त, विचार र राजनीतिको एउटा युगान्तकारी अन्तर्राष्ट्रिय परिघटना हो । यो इतिहासकै एउटा त्यस्तो परिघटना हो, जुन मार्क्सवाद र लेनिनवादको महत्वपूर्ण प्रस्थान, स्थापना र व्यावहारिक र सफल प्रयोग हो । इतिहासको निरन्तरतामा त्यसले इतिहासका अग्रगामी तत्वहरूलाई आफूभित्र समेट्दै नयाँ समाजवादी युगको समाजवादी प्रवृत्तिको आरम्भ गऱ्यो । अक्टोबर क्रान्तिले संसारभरिका जुन चिन्तनहरू थिए (विभिन्न किसिमका पूरातन चिन्तनहरू) लाई त्यसले जरैदेखि हल्लाई दियो र विभिन्न मुलुकहरूमा त्यसले एकखालको संघर्षको लागि, मुक्तिको लागि उत्प्रेरणाको काम गऱ्यो । खासगरी सर्वहारावर्गको मुक्तिको सन्दर्भमा यसको फरक मूल्य छँदैछ, सँगसँगै समाजवादी यथार्थवादको औपचारिक आरम्भ पनि अक्टोबर समाजवादी क्रान्तिले गऱ्यो । समाजवादी यथार्थवाद इतिहास, वर्तमान र भविष्यसम्म जोड्ने कडीको रूपमा अगाडि आयो ।

समाजवादी यथार्थवाद आफैमा खण्डित यथार्थ होइन । त्यसमा इतिहासबोध पनि छ र भविष्यबोध पनि छ र त्यो तत्कालीन वर्तमान समाजवादी क्रान्ति जुन बेला भयो, त्यतिबेला त्यसले भविष्य र अतीतलाई उन्ने काम गऱ्यो । त्यसअर्थमा पनि त्यसको छुट्टै महत्व छ । समाजवादी यथार्थवादी साहित्य त्यसबाट प्रभावित र उत्प्रेरित रहेको हुनाले अक्टोबर क्रान्तिका अन्तर्यहरूलाई आफूभित्र समावेश गरेको हुनाले त्यो आफैमा पनि अन्तर ाष्ट्रिय परिघटनाको रूपमा रहन गयो । त्यसले क्रान्तिकारी कलात्मक विचारका निम्ति सहयोग पुऱ्यायो । संसारभरि नै सँगसँगै समाजवादी रूपान्तरणको निम्ति पनि अक्टोबर समाजवादी क्रान्तिले महत्वपूर्ण भूमिका खल्यो । अनि सर्वहारा वर्गको महान् जुन उदात्त आदर्श छ, त्यसको चरित्र र प्रवृत्तिहरू पुनरुत्पादन र प्रतिविम्बन गऱ्यो । त्यसभन्दा अगाडि आंशिक रूपमा यथार्थको चित्रण भए पनि त्यसपछिको साहित्यमा, कलामा,




कलाका आधुनिक शाखाहरूमा, प्रशाखाहरूमा, नाटकमा, उपन्यासमा, फिल्ममा यी सबै क्षेत्रमा यसको प्रभाव पऱ्यो । तत्कालिन जर्मनी, फ्रान्स, इटली, चीन, भारतलगायतका मुलुकका साहित्यमा त्यसको जबरजस्त प्रभाव पऱ्यो ।


नेपाली साहित्यमा समाजवादी यथार्थवाद र प्रगतिवादलाई समानार्थी रूपमा प्रयोग गर्दै आइएको छ । प्रगतिवाद शब्द नेपालमा भारततिरबाट आयात गरिएको शब्द हो । बंगाली, हिन्दी हुँदै नेपाली भाषामा आएको हो । जसलाई समाजवादी यथार्थवादी शब्दको पर्यायवाची शब्दको रूपमा लिइयो । प्रगतिवादले कति समेट्छ र कति समेटदैन भन्ने हामीकहाँ विवाद छ । समाजवादी यथार्थवादले एउटा सालोढोलो समग्र इतिहास, इतिहासमा भएका परिघटनासँग स्थापना गरेका महत्वपूर्ण परिघटनालाई समेत प्रस्ट्याउँछ । र, मलाई लाग्छ नेपालीमा पनि त्यसको हामीले सारलाई प्रगतिवाद भनेर बुझेका छौं । पठनपाठनका सन्दर्भमा पनि त्यसलाई समाजवादी यथार्थवादकै रूपमा अर्को शब्दको रूपमा प्रगतिवादको प्रयोग भयो । र, त्यसमा केही सीमाहरू चाहीं छन् । प्रगतिवादले समाजवादी यथार्थवादले जस्तो दार्शनिक, वैचारिक, ऐतिहासिकको समग्रतालाई बुझाउँदैन । खासगरी समाजवादी यथार्थवादका मुलभूत विशेषता के हो ? समाजवादी यथार्थवादमा दुईवटा शब्द गाँसिएका छन् एउटा यथार्थवाद, अर्को समाजवाद । यसले समग्रतालाई व्यक्त गर्छ । यथार्थवादले त्यसको इतिहासको सिर्जनशील निरन्तरतालाई देखाउँछ भने समाजवादीले त्यसमा पारेको दार्शनिक, विचारधारात्मक, कलात्मक प्रभाव र आधार समेतलाई जोड्छ । समाजवादी यथार्थवादले गतिशील यथार्थप्रतिको पूर्ण निष्ठाको अपेक्षा गर्छ । अझ भनौं क्रान्ति र संघर्षप्रतिको एकखालको निरन्तरताप्रतिको सत्यनिष्ठा, सत्य आस्था हुनुपर्छ भन्ने अपेक्षा राख्छ । सँगसँगै यसले मार्क्सवादी-लेनिनवादी विश्वदृष्टिकोणको,विश्वदृष्टिकोणसँगको आबद्धताको अपेक्षा पनि गर्छ । सँगसँगै ऐतिहासिक आशयसहितको यथार्थको ठोस चित्रण गर्ने कुरामा जोड दिनुपर्छ र जीवनको सक्रिय प्रतिविम्बन मात्र होइन कि प्रारूपीकरण र कध चरणको आदर्श नायक, आदर्श वस्तु, आदर्श परिवेशको अपेक्षा पनि यसले गर्छ । अर्को शब्दमा भन्दा वर्ग, विचार र यथार्थप्रतिको सक्रिय प्रतिबद्धता अथवा पार्टी, तत्कालीन समयको सबभन्दा क्रान्तिकारी विचार अनि संघर्षशील सर्वहारावर्गप्रतिको प्रतिबद्धता, पक्षधरताको माग यसले गर्दछ । अनि नयाँ जीवन र क्रान्तिप्रतिको आशावादिता समाजवादी यथार्थवादका मूलभूत अभिलक्षण र प्रवृत्ति हुन् ।

समाजवादी यथार्थवादी लेखनका अभिलक्षणहरू अहिलेको सन्दर्भमा वर्गसंघर्षसँग जोडिएर लेख्ने कुरा हो । जसले वर्गसंघर्ष र सर्वहारा अधिनायकत्वलाई केन्द्रमा राख्छ, मालेमावादी दर्शनलाई आत्मसात गर्छ र क्रान्तिकारी विचारप्रतिको प्रतिबद्धता राख्छ ऊ नै समाजवादी यथार्यवादी स्रष्टा तथा सर्जक हो । नेपालको सन्दर्भमा ठोस रूपमा भन्दा १० वर्षको जनयुद्ध र सँगसँगै विभिन्न किसिमका संघर्षहरू, जनसंघर्षहरू, आन्दोलनबाट एउटा निश्चित चरणमा हामी उभिएका छौं । अहिले नायकहरू खलनायकमा रूपान्तरित भएका छन् । आदर्शबाट च्यूत भएको, वर्गसंघर्षको हतियारलाई नदीमा फ्याँकेको अवस्था विद्यमान छ । संसदीय पथमा क्रान्तिकारी आदर्शलाई विलोपन गरी गर्ने तत्व वा शक्तिहरू क्रियाशील छन् । के यसलाई हामीले संशोधनवाद होइन भन्ने ? जगजाहेर छ । एकदम यथार्थ छ । अहिले कोही रायमाझी बनेका छन् । इतिहासमा कोही मनमोहनजी बनेका छन् । कोही ख्रुश्चोभ बनेका छन् । यहाँका स्रष्टाहरू पनि यो स्थितिबाट प्रभावित छन् । त्यसबाट प्रभावित हुने लेखकहरू ढलपलाएको अवस्था छ । उसले विषयको चयन क्रान्तिकारी आदर्शको नायक बन्दैन । उसको लागि क्रान्तिकारी नायकहरूको आदर्श प्रिय बन्दैन । वर्गसंघर्ष प्रिय बन्दैन । सर्वहारावर्गको अधिनायकत्व प्रिय बन्दैन । हिसांत्मक विद्रोह प्रिय बन्दैन । उसको लागि त्यो भन्दा विपरीत जो बुर्जुवापथ नै सुन्दर, निर्मल, कन्चन लाग्न थाल्छ । थालेको देखिंदैछ ।

अहिलेसम्मको वैचारिक विकासको अवस्थालाई हेर्ने हो भने मालेमावादी दार्शनिक जुन वैचारिक राजनीतिक अवधारणा छ, त्यो अवधारणालाई निषेध गर्नेहरू समाजवादी यथार्थवादी हुन सक्दैनन् । वर्गसंघर्ष, सर्वहारा अधिनायकत्व, सर्वहारा मानवतावाद र क्रान्तिको पक्षमा सचेत र सजग भएर कलम चलाउने सर्जकहरू नै प्रगतिवादी हुन्, समाजवादी यथार्थवादी हुन् ।

*(२९ पौषमा इच्छुक साँस्कृतिक प्रतिष्ठानले प्रतिष्ठानको सभाहलमा आयोजना गरेको अक्टोबर क्रान्तिको सतवार्षिकी र नेपाली साहित्यको सन्दर्भ विषयक बहसमा प्रा.डा. जगदीशचन्द्र भण्डारीले व्यक्त गरेको विचारमा आधारित)*

# ज्ञान सिद्धान्तबारे



● इश्वर ढुंगेल

**ज्ञान प्राप्ति भनेको के हो ? र कसरी हुन्छ ?**

मानिसको मस्तिष्कले वस्तुगत जगतको चित्र प्रतिबिम्बको रूपमा प्राप्त गर्दछ र त्यसको बारेमा अनुभवका आधारमा चिन्तन गर्दै अवधारणा तयार पार्दछ । मानिसले मस्तिष्कमा परेका अनेकौं प्रतिबिम्बहरूको तर्कपूर्ण, तुलनात्मक, ऐतिहासिक, विश्लेषण र सश्लेषणको व्यवहारिक प्रयोग गर्दै, सत्यको नजिक पुग्ने निरन्तर प्रयत्न गर्दछ । सूचना सम्प्रेषण गर्ने इन्द्रीयहरू आँखा, कान, नाक, जिभ्रो र छाला प्राथमिक तत्वहरू हुन् र यसका मेडिएटरहरू झिल्ली, तन्तु र रक्त सञ्चार प्रणाली हो । यिनै अङ्गहरूको अन्योनक्रियाद्वारा वस्तु तथा घटनाक्रमहरूको बारेमा ज्ञान प्राप्त हुन्छ ।

**व्यवहार नै ज्ञान प्राप्तिको आधार र प्रस्थान बिन्दु**

प्रकृतिमा भएको वस्तु तथा घटनाक्रमलाई आफू अनुकुल बनाउन मानिसहरूले गरेको सक्रिय क्रियाकलाप नै व्यवहार हो । प्रकृति र मानिसहरूबीचको अन्योनक्रिया ज्ञानको आधार र प्रस्थान बिन्दु हो । जब मानिसहरूले आफूले गरेका क्रियाकलाप, त्यसबाट प्रकृतिमा परेको प्रभावको प्रत्यक्ष बोध ( पाँच इन्द्रीयहरूबाट देख्ने, सुन्ने, सुँघ्ने, स्वाद लिने र स्पर्श गर्ने काम ) हुन थाल्यो तब पुनर्उत्पादन सुरु गरे । यसबाट पशु र मानिसहरूबीचमा स्पष्ट भेद देखियो त्यसैले पुनरउत्पादनलाई प्रस्थान बिन्दु मानिएको हो । मानिसहरू प्रकृतिसँगको अन्योनक्रियाबाट जे प्राप्त गर्छन् त्यसबाट उनीहरू पूर्ण सन्तुष्ट मात्र होइन अझ बढी जान्न उत्सुक हुन्छन् र नयाँ कुरा जान्ने आशाकासाथ प्रयत्नरत रहनुका साथै बेरूवाकार गतिमा निरन्तर गतिशील रहन्छन् । यही गतिशीलता नै ज्ञानको भोक हो । जति खायो त्यत्ति खान मन लाग्ने, खाएर कहिल्यै नअघाइने ज्ञानको भोकको विशेषता हो । यसकारण व्यवहार नै ज्ञान प्राप्तिको आधार र प्रस्थान बिन्दु भनेको हो ।

**प्रत्यक्ष बोध र व्यवहारबीचको द्वन्द्वात्मकता**

मानिसको इन्द्रीयहरू र प्राकृतिक वस्तु तथा घटनासँग अन्योनक्रिया हुँदा मस्तिष्कमा जुन प्रभाव पर्छ त्यसबाट वस्तु तथा घटनाका बारेमा जे अनुभूति हुन्छ त्यसलाई तुलनात्मक अध्ययन गर्न थाल्छ । जस्तो तातो/चिसो, खस्रो/चिल्लो हुनु , सिस्नुले पोल्नु , काउसोले चिलाउनु , गन्ध राम्रो/नराम्रो लाग्नु , कुनै कुरा खाँदा तितो/गुलियो, पिरो/अमिलो आदि विभिन्न स्वादको अनुभव हुन्छ , मिठो/कर्कश स्वर सुन्नु , घटना देख्दा नरमाइलो लाग्नु/रमाइलो लाग्नु , गोलो वस्तु गुडेको देख्नु , ओरालोमा पानी बगेको र खाल्टोमा जमेको देख्नु , आदि अनुभूति गरेका घटनाहरू विगतमा देखेका, सुनेका, सुँघेका, स्वाद लिएका तथा स्पर्श गरेका क्रियाकलापहरूलाई स्मरण गर्दै, तुलनात्मक अध्ययन गरी बर्तमान घटनाहरूका बारेमा अवधारणा बनाएर आगामी व्यवहारमा कसरी जाने भन्ने निस्कर्ष निकाल्छ । यही बोध, अनुभूति र अवधारणा गतिशील क्रियाकलापको उपलब्धी ज्ञान हो । यस्तो ज्ञान व्यवहारबाट प्राप्त हुन्छ र फेरी त्यसलाई व्यवहारमा लागु गर्छौं हामी । यस्तो ज्ञान जबसम्म सत्य र व्यवहार उपयोगि हुन्छ तबसम्म मात्र व्यवहारमा लागु गर्छौं । व्यवहारमा उपयोगि हुन छोडे पछि त्यस ज्ञानलाई छोडी त्योभन्दा अझ बढी उपयोगि ज्ञानको खोजीमा निरन्तर लागिरहन्छ मानिस । यही नै सिद्धान्त र व्यवहारको द्वन्द्वात्मक गति हो ।

**तर्किक ज्ञान**

इन्द्रीय ज्ञानबाट वस्तु र घटनाहरूको चित्र पूर्णरूपमा जस्ताको तस्तैरूपमा प्राप्त गर्न सकिदैन किनकि हाम्रो इन्द्रीयले सुक्ष्म वस्तुहरूलाई देख्न, सुन्न र सुँघ्न सक्दैन । एउटै वस्तुको पनि फरक फरक समय र ठाउँमा फरक फरक चित्र देखिने हुनाले त्यस्तो वास्तविकताको सापेक्षरूपमा तुलनात्मक अध्ययन गर्नुपर्ने हुन्छ । यस्तो अध्ययन विधि भनेको तार्किक विधि हो । यसले समय र स्थानमा सापेक्षरूपमा फरक देखिएको चित्र र अनुभविक चित्रहरूको तुलनात्मक अध्ययन गर्दछ । यस्तो अध्ययनले फरक फरक समय र स्थानमा पाइएको फरक फरक चित्र किन यस्तो भयो ? यस्तो किन भएन ? यस्तो नभएको भए के हुन्थ्यो ? जस्ता प्रश्न उठाउँदै त्यसको समाधान खोज्ने प्रयत्न गर्दछ । बिजुली बत्ति बलेको देखिन्छ त्यो बल्न इलेक्ट्रोनहरूको धारा हो भन्ने बुझ्न, परमाणुहरू विद्युताणु बल (भभिअतचयकबनलभतष्खभँयचअभ) द्वारा एक ढिक्का भएर बसेको छ भन्ने बुझ्न, प्राथमिक वस्तुहरूको तौल, घनत्व, गुण आदि जस्ता कुराहरूको ज्ञान तार्किक पद्धतिबाट नै प्राप्त गर्दछौं । मस्तिष्कमा प्रतिबिम्बित वस्तु तथा घटनाहरूको अन्योनक्रिया चिन्तन हो भने त्यसको निष्कर्ष अवधारणा हो । स्टिलको सियो पानीमा डुब्छ, स्टिलको थाल पानीमा डुब्दैन । दुबै एउटै धातु हो एउटा डुब्छ अर्को डुब्दैन यसबारे थाहा पाउन तार्किक ज्ञानको विधि अपनाउनु पर्छ । यस्तो ज्ञानको प्रामाणिक आधार भनेको व्यवहार हो । व्यवहारमा लागु हुने ज्ञानमात्र सही ज्ञान हो ।

**सत्यको सापेक्षता**

मानिसले उत्पादनमा भाग लिए पछि उसले क्रमिकरूपमा ज्ञान प्राप्त गर्दछ । उसले प्राप्त गरेको ज्ञान पूर्ण सत्य हो त ? यस प्रश्नको उत्तर खोजीमा निरन्तर लागि रहदा केही सत्य सापेक्ष भए भने धेरै सत्य निरपेक्ष भए । जन्म, मृत्यु , दिन, रात, वस्तुगत जगत, गति, शक्ति, तारा, ग्रह, आदि निरपेक्ष सत्य हुन् । पृथ्वी चेप्टो अनि गोलो छ भन्ने सिद्धान्त, सबैभन्दा सानो वस्तु अणु , अनि परमाणु हो भन्ने सिद्धान्त, प्रकाश, ध्वनी पदार्थ होइन भन्ने सिद्धान्त, खाली ठाउँ (ख्बअगभ) हुन्छ भन्ने सिद्धान्त सापेक्ष सत्य हुन् । सापेक्ष सत्य निरपेक्ष सत्यतिर सङ्क्रमण हुन्छ । सापेक्ष सत्य निरपेक्ष सत्यमा रूपान्तरण हुन्छ । त्यसकारण सत्य परिवर्तनशील हुन्छ भनेको हो ।

**सत्यको मूर्तता**

सत्यको बोध हुनुपर्छ चाहे त्यो इन्द्रीयले खुला रूपमा त्यसको बोध गर्नसकोस वा वैज्ञानिक यन्त्र तथा उपकरणहरूको सहायताले । यही वास्तविकतालाई सत्यको मूर्तता भनेको हो । सत्य सापेक्ष हुन्छ किनकी यो गतिशील संसारमा सबै वस्तु गतिशील छ पदार्थको गतिशीलताका कारणले नै खुला आँखाले नदेखे पनि गतिका आधारमा नै ($E \neq mc2$ )को सुत्र निकालेका *...बाँकी ७ पेजमा*

## कविता

# सिंहदरबार- १



● हिरामणि दुःखी ●

सिंहदरबार- १
सिंहदरबार !
जस्तो थियो पहिले
छ, उस्तै अझै पनि
फणा फूलाएकै छ
कालीनागले
ठिङ्ग उभिएर
गरिरहेकै छ हुंकार
निरन्तर निरन्तर
सिंहासनबाट ।

चन्द्रसमशेरको गर्जन
प्रतिध्वनित हुँदै
ठूलठूलो स्वरमा
कासन गरिरहेछ–
'खवरदार ! प्रजाहरू
मरेको छैन म
न त भएको छ विलिन
आकासमा
मेरो हुंकार
कसैले मेरो सिंहासन
भत्काउने चेष्टा नगर्ला ?'

गेट अगाडि देखिन्छ
चौबाटोमा ठिङ्ग उभिएको
गोरखाली सिंह
रवाफ,
फूर्ति
र, उस्तै छ अहङ्कार
जस्तो थियो
स्वाभिमानी नाकहरू काटेर
यो धर्तिको भूपति हुँदा
र, अहिले पनि
पहरा दिइरहेछ उसले
कुँवरकै सन्तान–दरसन्ताहरूको ।

उही छ सिंहदरबार
उस्तै छ सिंहासन
फेरिएको छ केवल
पुस्तान्तरको पात्र मात्र
सिंहासनमा बस्नेको
लवेदा उही छ
बरू थपिएको छ टाई गलामा
फेरिएको छ गोरखाली भाषा
र, मिसिएको छ
अलिकता अङ्ग्रेजी
अलिबढ्ता हिन्दी
बोलिन्छ अचेल त्यहाँ
ककटेल भाषा
गाइन्छ यहाँ
हिँजोआज
ऱ्याप, पप र रिमिक्स गीतहरू ।

उपस्थित छ सन्मुखमा
भद्रकाली
र, बेलाबखत खाइरहन्छ यसले
अचेल
नरबलि
जहाँबाट जङ्गीअड्डा
निर्देश गर्छ सिंहदरबारलाई
चन्द्रसमशेरहरूको ठाडो आदेश,
नेपथ्यको लैनचौर र माहाराजगंजले
गरिरहन्छ निगरानी
सिंहदरबारको
साउथब्लक र ह्वाइटहाउको
थोरै चारो र धेरै आदेश बोकेर
लैनचौर र माहाराजगंज
छिरिरहन्छ सिंहदरबार
पटक–पटक ।

होइन सिंहदरबार तिम्रो
न त बदलिन्छ यो
तिम्रो इच्छानुकूल
जहाँ तिम्रा पितापुर्खाहरूको
कङ्काल गाडिएका छन्
यसको जगमा
बरू भन्नसक्छौ यसलाई
कसाइखाना अथवा मसानघाट
चेष्टा नगर व्यर्थको
आफ्नो बनाउन सिंहदरबार
बरू सुरूआत गर टुंडिखेलमा
लालदरबार निर्माणको
जहाँ मानवसागर उर्लनेछ सुनामी बनेर
अनि गर्नेछन् आजादीको घोषणा
सिंहदरबार विरूद्ध
तब मुक्त हुनेछ हामी उभिएको धर्ति ।

*०६६/७/१०, अनामनगर*
*कलम, देवकोटा विशेष अंकमा प्रकाशित*

## महान्...

त्यो मानिस मानिस नै होइन जसले गल्ती गर्दैन । त्यो मानिस पनि मानिस होइन जसले गल्ती महसुस गरेर केही सच्याउँदैन । (दोस्रो डुमा १९०६ को चुनाव बहिष्कार गल्ती भएको स्वीकार्दै)

यदि आफ्नै देशको सरकारले पनि अन्यायपूर्ण युद्ध सञ्चालन गरेको छ भने हामीले त्यसको विरोध गर्नुपर्छ । कसैले त्यस्तो सरकारमा भाग लिएमा वा आफ्ना सदस्यहरूलाई सदनमा पठाएको छ भने आफ्ना प्रतिनिधिहरूलाई फिर्ता बोलाएरसमेत सरकारको विरोध गर्नुपर्छ ।

तिमी नाराले जनताको पेट भर्न सक्दैनौं । कम्युनिष्ट पार्टी भनेको वर्गसंघर्षको इतिहासमा मानव जातिले आर्जन गरेको ज्ञानद्वारा सुसज्जित नवमानवद्वारा बनेको बहुसंख्यक शोषित-पीडित, श्रमजीवी तथा सर्वहारावर्गको अभिन्न अंगको रूपमा रहेको अग्रदस्ता हो ।

विद्यार्थीहरूको आवाज स्यालको हुइयाँ मात्र होइन, एक कुशल शिकारीको अचुक निशाना हो । राजनीति भनेको अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति हो ।

जातिहरूको आत्मनिर्णयको अधिकारको अर्थ अनन्यरूपसँग राजनीतिक अर्थमा स्वतन्त्रताको उत्पीडनकारी राष्ट्रबाट मुक्त राजनीतिक पृथकताको राजनीतिक अधिकार हो । ठोसरूपमा राजनीतिक जनवाद यो मागको अर्थ हो । अलग हुनका लागि आन्दोलन गर्ने पूर्ण स्वतन्त्र तथा अलग हुने जातिको जनमत संग्रहद्वारा पृथकताको प्रश्नको निर्णय । यसैले यो मार्ग पृथक राज्यको टुक्रा-टुक्रा गर्ने तथा स-साना राज्य गठन गर्ने माग कदापि होइन । यो त सम्पूर्ण प्रकारको जातीय उत्पीडनको विरुद्धको संघर्षको मात्र सुसंगत अभिव्यक्ति हो । कुनै जनवादी राज्यप्रणाली पृथकताको जति नजिक हुन्छ, पृथक हुने काममा व्यवहारमा त्यति नै बिरल र त्यति नै क्षीण हुनेछ । हामीले शिक्षा गैरराजनीतिक हुनुपर्छ भन्ने पुरानो मान्यतालाई परित्याग गर्नुपर्छ । हामीले राजनीतिबाट अलग्याएर शैक्षिक काम गर्न सक्दैनौं ।

वास्तवमा यदि कसैले सानो गल्तीमा अड्डी लिन्छ, त्यसको औचित्य सिद्ध गर्न अधिक गम्भीर तर्क खोज्न थाल्दछ र त्यसलाई अन्तिम सीमासम्म पुऱ्याइदिन खोज्छ भने त्यो सानो गल्तीले विभत्स र विराट रूप धारण गर्न पुग्छ ।

मार्क्सवाद कुनै जीवनहीन जडसूत्र होइन, न त परिपूर्ण, बनिबनाउ वा अपरिवर्तनीय सिद्धान्त नै, बरु यो त कार्यमा पथप्रदर्शक हो । केवल सशस्त्र जनता नै स्वतन्त्रताका असली रक्षक हुन्छन् ।

साम्राज्यवादी युग मुठ्ठीभर महाशक्तिद्वारा सम्पूर्ण विश्वका जातिहरूको निरन्तर बढ्दो उत्पीडनको युग हो । त्यसकारण जबसम्म जातिहरूको आत्मनिर्णयको अधिकार स्वीकार गरिँदैन, तबसम्म साम्राज्यवादका विरुद्ध अन्तर्राष्ट्रिय समाजवादी क्रान्तिका लागि लड्न असम्भव छ । जसले वर्गसंघर्षलाई मात्र मान्दछ, ऊ मार्क्सवादी होइन, ऊ सम्भवतः अझै बुर्जुवा चिन्तन र बुर्जुवा राजनीतिको दायरामा नै चक्कर काटिरहेको हुन्छ । मार्क्सवादी केवल त्यही हो, जसले वर्गसंघर्षको मान्यतालाई सर्वहारा अधिनायकत्वको केवल त्यही हो, जसले वर्गसंघर्षको मान्यतालाई सर्वहारा अधिनायकत्वको मान्यतासम्म विस्तारित गर्दछ ।

संसारमा कुनै पनि सामाजिक जनवादी पार्टी (कम्युनिष्ट पार्टी-सं.) कठोर संघर्ष तथा सर्वहारावर्गका पुँजीवादी सहयात्रीका साथ अनेक फुटबिना विशेषरूपमा पुँजीवादी क्रान्तिको समयमा कहिल्यै तयार भएका छैनन् ।

'क्रान्तिका लागि क्रान्तिकारी विचार र क्रान्तिकारी पार्टी आवश्यक पर्दछ' भन्नु हुने लेनिनले क्रान्तिकारी विचारको निर्माण र क्रान्तिकारी पार्टी निर्माण गर्ने क्रममा लेनिनले दोस्रो अन्तर्राष्ट्रिय (१८८९-१९१४) का नेताहरू र स्वयम् पार्टी भित्रका अवसरवादीहरूसँग कदा विचारधारात्मक संघर्ष गरेर मात्र क्रान्तिलाई विजयमा पुऱ्याउनु भएको थियो ।

'क्रान्तिका सपनाहरू देख्न छोड्नु हुन्न' भन्नुहुने महान् लेनिनको सन् १९२४ जनवरी २३ तारिखका दिन बेलुकी ६.३० बजे दिमागको नसा फुटेर, लेनिन-गोर्की हिल्समा देहावसान भयो । लेनिनको देहलाई लेनिन-गोर्की हिल्सबाट मस्को ल्याइयो र संघीय भवनको स्तम्भ हलमा राखियो । ४ दिनसम्म लाखौं मजदुर, किसान र (बच्चादेखि वृद्धसम्म) हरूले आफ्ना महान् नेता लेनिनबाट बिदा लिदै श्रद्धाञ्जली दिए । सन् १९२४ जनवरी २७ तारिखको दिउँसो ४ बजे लेनिनको अन्त्येष्टिको जुलुस निस्कियो । लेनिन देह (पार्थिव शरीर) लालमैदानमा विशेष रूपले बनाइएको समाधिमा राखियो । वैज्ञानिक ढंगले राखिएकोले अहिलेसम्म पनि महान् लेनिनको पार्थिव शरीर (शव) जस्ताको तस्तै छ । ऐतिहासिक रुसी यात्राका क्रममा सन् २०१७ नोभेम्बर २ तारिखका दिन मैले नै रुसको राजधानी मस्कोस्थित लालमैदानमा पुगेर महान् लेनिनको पार्थिव शरीर (शव) माथि लालसलामको सलामी दिने मौका मलाई पनि प्राप्त भयो । यो क्षण एक अविस्मरणीय रहन गयो ।

## नरोकिएको...

यसबाट यो कुराको आशंका रहन्छ कि कतै नेपालको तर्फबाट सीमासम्बन्धी नक्सा हेर्ने निकायका कतिपय व्यक्तिहरू नै नेपालको सीमा मिच्ने काममा अप्रत्यक्ष रूपमा संलग्न त छैनन् ? यो घटनाले यो कुराको प्रष्ट संकेत गर्दछ । किनभने सीमास्तम्भ राख्दा दुवै देशको सहमतिमा राखिन्छ । नेपालको भूभाग मिचिने गरी सहमति किन गरियो ? कहीं न कहीं सहमति नभइकन नेपालको भूभाग मिचिने गरी सीमास्तम्भ राख्ने काम भएको छैन । त्यसकारण भारतीय विस्तारवादी शासकहरूको विरुद्ध त संघर्ष त गर्नैपऱ्यो तर अब त्यतिले मात्र नपुग्ने भयो, अब नेपाल सरकार र सीमा हेर्ने जिम्मेवारी पाएका कर्मचारीहरूप्रति पनि औंला ठड्याउनुपर्ने अवस्था आएको छ ।

विस्तारवादीहरू, साम्राज्यवादीहरूले हरेक देशमा आफ्नो दलाल तयार पर्दछन् । त्यस प्रकारका दलालहरूबाट देशको सार्वभौमिकता नै खत्तम भएका उदाहरणहरू छन् । सिक्किमलाई भारतमा विलय गराएको उदाहरण हाम्रो अगाडि ताजै छ । कतिपय कर्मचारीहरू पनि बिक्री भएका र आफ्नो देश र जनताको पक्षमा छाप नगरेर पराइ देश र मुठ्ठीभर शोषकवर्गको पक्षमा गरेको उदाहरणहरू छन् । इन्भटर, जेनेरेटर र सोलारबाट ठूलो कमिसन खाएर, ठूला उद्योगपतिहरूसँग रकम लिएर १८ घण्टासम्म लोडसेडिङमा नेपाली जनता राख्ने विद्युत प्राधिकरणमा रहेका प्रबन्धक निर्देशक र कर्मचारीहरू नै छन् । लोकमान घिसिङ आएपछि त्यो कालो कर्तुतको पर्दाफास भयो र आज नेपाली जनता लोडसेडिङ मुक्त छन् । कतै देशको सिमाना हत्याउने यो खेलमा राज्यका जिम्मेवार निकायमा बसेका व्यक्तिहरूबाट नै यस्तै प्रकारको खेल त भइरहेको छैन ? यो शंका गर्नुपर्ने अवस्था पैदा भएको छ । सीमास्तम्भ कहाँ थियो भनेर किटान गर्ने कुरा राज्यको तर्फबाट सरकार र त्यससम्बन्धी प्रतिनिधिहरूको हो कि जनताको हो ? यहाँ त सरकार र सरकारको तर्फबाट सीमा हत्याउने जिम्मा पाएका व्यक्तिहरू मिलेर सीमास्तम्भ गाड्ने जनताले नेपालको सीमा मिचियो भनेर आवाज उठाउँदा राज्यको तर्फबाट नापी विभागको हाकिमले कुर्सीमा बसेका व्यक्तिले ५० बिघा होइन ४ बिघा जति मिचिएको हुनसक्छ भन्ने उत्तर दिने ? यो के हो ? सिमाना हेर्ने निकाय, सरकार पहिल्यै बोल्नु पर्दैन ?

भारतीय विस्तारवादी शासकहरू नेपालको हरेक क्षेत्रमा आफ्नो स्वार्थको लागि माइक्रोम्यानेजमेन्टमा लागेका छन् भन्ने कुरा आम चर्चामा भएको विषय रहिआएको छ । सिमाना मिच्ने काममा पनि उनीहरू यस काममा लागेका छैनन् भन्न सकिन्न । राजनीतिक र प्राविधिक व्यक्तिहरूलाई किनेर नेपालको सिमाना मिच्दै जाने गुरुयोजना त बनाएको छैन भारतीय विस्तारवादले ? भन्ने कुरा उठ्नु अब स्वाभाविक भएको छ । हाम्रा नापी विभागका कर्मचारीहरूले जङ्गे पिलर यहाँ थियो भनेर किन भन्न सक्दैनन् ? पहिलेको पिलर जहाँ थियो, त्यही नयाँ पिलर किन राखिन्न ? किन नयाँ नयाँ ठाउँमा पिलर राखिन्छ र नेपालको सीमा मिचिन्छ । यसप्रकारको कार्यले अब हाम्रै देशको सरकार र त्यससम्बन्धी काम गर्ने प्राविधिकमाथि शंका गर्नुपर्ने गम्भीर स्थिति देखापरेको छ । सप्रमाण नेपाली भूमि यसरी मिचिइदा पनि अहिलेसम्म नेपाल सरकार किन बोल्दैन ?

यस विषयमा सरकारले जनतालाई प्रष्ट पार्नुपर्थ्यो, पारेन । त्यसको अर्थ हुन्छ त्यहाँ केही कालो दाग छ । सरकारले त गरेन तर राष्ट्रवादी कहलिएका भावी प्रधानमन्त्री हुन ठीक्क परेका केपी ओली र उनको पार्टी किन यो विषयमा बोल्दैन ? माओवादी केन्द्र किन बोल्दैन । यो प्रष्ट छ कि बोलेमा भारतीय शासकवर्ग रिसाउँछ । भारतीय शासकवर्ग रिसाएमा उनीहरूको आफ्नो कुर्ची हल्लिन्छ । त्यसकारण उनीहरूको मुखमा अहिले पिडालु अड्किएको छ ।

अब नेपालमा देशभक्त जनताले राष्ट्रिय स्वाधीनताको रक्षा र क्षेत्रीय अखण्डताको लागि के गर्नु पर्छ त ? अब नेपाल शासकवर्गको भर परेर हुन्न । नेपाली देशभक्त जनताले सीमाको लागि आफ्नै प्राविधिक तयार पार्नु पर्दछ । त्यसको आधारमा सीमा नियमन गर भनेर आन्दोलन चलाउनु पर्दछ । त्यसअनुसार काम नगर्ने विस्तारवादका दलालहरूलाई सत्ताबाट हटाउनु पर्दछ र एउटा सच्चा देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार बनाउनु पर्दछ र त्यसले मात्र राष्ट्रिय स्वाधीनताको रक्षा गर्न सक्नेछ ।

## नेपालको...

कञ्चनजङ्घा तिरको १५ कि.मि.लामो बाटो नेपाली भूमी प्रयोग गरेर बनाए छन् । यो जिल्लाको पूर्वपट्टीको मेग्ना मा अतिक्रमण भएको छ । पर्यटन विकास गर्न ७३१७ मिटरको उचाईमा रहेको काब्रु पहाडलाई पनि भारतीयले प्रयोग गरिरहेका छन् ।

*(विशाल नेपाल डटकमबाट)*

## भ्रष्टाचारको...

जागिरबाट हात धुन बाध्य पार्ने स्थितिमा पुऱ्याउने गरेका छन् ।

हेमे तिनै गार्ड हुन् जसलाई तत्कालीन सदस्य सचिव डा.छेवाङ नामगेल शेर्पाले विना का.स.का निर्णयबाट ना.सु.मा बढुवा गरेको थियो, त्यो बढुवालाई अख्तियारले बढुवा, घटुवा र खाइपाइ आएको असुल गर्नु भनि दिएको निर्देशन हालसम्म कार्यान्वयन नहनु र निजले परिषद्को भृकुटीमण्डप सञ्चालन कार्यालयमा हुँदा विभिन्न आर्थिक अनियमितता र मोटरचोरी समेत गरेको ठहर भई अख्तियारबाट पुनः कारबाहीको लागि सिफारिश गरिएपनि उनलाई कारबाही गर्नुको सट्टा वहालवाला मन्त्री थापाले पद स्थापना गरी गार्डहरूको प्रमुख बनाएका छन् । उनले मन्त्रीलाई समेत आर्थिक प्रलोभनमा पारी दोहोरो, तेहेरो सुविधा हात पारेको परिषद्कै कर्मचारीहरूको दावी छ । निज गार्डमाथि कारबाही नभएपछि पुनः अख्तियारमा पटक पटक उजुरी गर्दा पनि अख्तियारले अनुगमन गरी कारबाहीको कदम नचालेकोप्रति परिषद्का कर्मचारीहरू आश्चर्यमा परेका छन् । र, अख्तियारको भूमिकालाई पनि शंकाको नजरले हेर्न थालेका छन् ।

## ज्ञान...

हुन् आइन्टाइन ले ।

**सत्यको वस्तुपरकता**

सत्यको पहिचान तथ्यको आधारमा गर्नुपर्छ । सत्य वस्तुगत हुन्छ, यो काल्पनिक कुरा होइन भनेको हो । तथ्य के हो त ? भन्ने बित्तिकै तथ्यको उपस्थिति कसरी ? कस्तो ? कहाँ ? के ? भन्ने देखाउँनु पर्छ । जब देखाउँने कुरा आउँछ अर्गात् बोध हुन त्यो वस्तुगत हुनैपर्छ । भावना तथा कल्पना देखाउँन सकिदैन । त्यसकारण सत्य देखिने हुनुपर्छ अर्थात् इन्द्रीयद्वारा बोध हुनुपर्छ हुन नसके, तार्किक र वैज्ञानिक ( प्रायोगिक ) विधिबाट बोध हुनुपर्छ , त्यसले वस्तुको उपस्थितिको माँग गर्दछ । त्यसैले सत्य देख्न सकिन्छ । इन्द्रीय, तार्किक तथा वैज्ञानिक विधिद्वारा थाहा पाउन सकिने तथ्यलाई नै सत्य मान्न सकिने हुँदा सत्य वस्तुपरक हुनुपर्छ भनेको हो ।

**ज्ञानशास्त्रमा वर्गीयता**

सत्यको बारेमा मानिसहरूले जान्ने प्रयत्न गर्दा मूर्तरूपमा जे भेटे त्यसैलाई सत्य मान्दै आए । उनीहरूको आफ्नो व्यवहारमा देखेका, सुनेका र भोगेका वस्तु तथा घटनाहरूसँग प्रत्यक्ष साक्षातकार हुन्छ त्यसकारण उनीहरू वस्तुगत सत्यलाई मात्र स्वीकार गर्दथे । 'गणहरू' भन्ने शब्द ऋग्वेदमा प्रसस्त प्रयोग भएको छ , यसको अर्थ विद्वान दर्शन शास्त्रीहरूले 'गणहरू' शब्दको अर्थ सामुहिक जीवन भन्ने अर्थ्याएका छन् । तत्कालीन समाजमा कुनै देव तथा ईश्वर थिएन । 'पारिवारिक जीवन र व्यक्तिगत सम्पत्तिको' जब सरुवात भयो त्यस पछि धर्म र ईश्वरको जन्म भयो । 'बडाले जे गऱ्यो हुन्छ त्यो सर्वसम्मत । नङ्गा शङ्करको भेष छैन कतै निन्दित ।' यस्तो चिन्तन पालेर सत्यको वस्तुगत तथ्य खोज्नेभन्दा वस्तु र विषयलाई बुझ्न सत्यको खोजी नगरी शक्तिशाली र विद्वानले भनेको विश्वास गर्नुपर्छ भन्ने संस्कृतिको विकास भयो । 'वेद, ब्राह्मण र गाई' लाई नमान्ने र 'स्वतन्त्र विचार' गर्नेलाई 'महापातकी' को संज्ञा दिएर मृत्यु दण्डसम्म दिनसक्ने नियम बनाए, धर्मशास्त्रका प्रणेताहरूले, यहीबाट सुरु भयो ज्ञानशास्त्रमा वर्गीयता । सत्य, त्याय र समानताको पक्षपोषण गर्दै, परिवर्तनका लागि प्रयत्नशील हुनु नै वर्गीय पक्षधरता हो ।

## जनमुक्ति...

अवस्थीले जनाए अनुसार विकको महाकाली आर्यघाटमा सोमबार अन्तिम श्रद्धाञ्जलीसहित दाहसंस्कार गरिएको छ । ४२ वर्षे विकलाई अन्तिम श्रद्धाञ्जली दिन नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य अटल, कंचनपुर जिल्ला इन्चार्ज, सेक्रेटरी हरि सुवेदी, अखिल (क्रान्तिकारी)का ७ नं. प्रदेश इन्चार्ज रामबहादुर महरालगायतका नेता कार्यकर्ताहरू महाकाली आर्यघाटमा पुगेका थिए ।

कञ्चनपुर वेदकोट नपा, धरमपुर निवासी विकप्रति क्रान्तिकारी माओवादी कंचनपुरले एक शोक वक्तव्य जारी गरी हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टी सचिव हरि सुवेदीले शोक वक्तव्य जारी गरी श्रद्धाञ्जली व्यक्त गर्नुभएको हो । वक्तव्यमा भनिएको छ, 'कमरेड भोजराजले बोकेको अधुरा क्रान्तिका सपना पुरा गर्ने प्रण गर्दै परिवारजन प्रति हार्दिक समबेदना व्यक्त गर्दछौ ।'

## सिक्किमीकरणको...

छक्क परेको र त्यसको विरोध गरेको स्थानीय रवीन्द्र महतो कोइरीले बताए । 'हामीलाई थाहै नदिइकन, हाम्रो नम्बरी जग्गामा आएर पिलर गाड्न खाल्डो खनेका रहेछन्,' उनले भने, 'पुरानो पिलर सिर्सिया नदीपारी छ, तर नयाँ पिलर नदीवारी ल्याइएको छ । हामीले जग्गाको कर तिरिरहेका छौं, एक्कासी कसरी भारतको हुन्छ ?' गत २२ पुसमा नेपालको सर्भे टोलीले आफ्नो कित्ता नम्बर १४ को नम्बरी जग्गामा सीमास्तम्भ गाडेको कोइरीको भनाइ छ । त्यसैगरी, स्थानीय नेमी साह कानु र असर्फी साह कानुको नाममा रहेको जग्गाको केही भाग पनि भारततर्फ पारिएको छ । जग्गामा स्तम्भ गाड्न खाल्डो खनेको जानकारी पाएपछि आएर विरोध जनाएको नेमीका छोरा बद्री साह कानुले बताए । नयाँ स्तम्भ गाड्न लागेको क्षेत्रमा हजुरबुबाबाट बुबाहरूको नाममा आएको कित्ता नम्बर ६५, ५४ र ५२ को नम्बरी जग्गा रहेको उनले बताए । स्थानीयले दुवै देशका अधिकारीहरूले नापेर सीमास्तम्भ मर्मत र निर्माण गरिरहेको भनिए पनि लापर्बाही भएको आरोप लगाएका छन् । तिरो तिरेर वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गा भारतको हुनै नसक्ने उनीहरूको भनाइ छ ।

**तुरुन्तै कदम चाल्न क्रान्तिकारी माओवादीको आग्रह**


नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' छपकैया प्रकरणमा वक्तव्यमा जारी गरी लामो समयदेखि भारतीय शासक वर्गले सीमा क्षेत्रका सुस्ता, महेशपुर, कालापानी लगायत विभिन्न ठाउँमा विशाल मात्रामा नेपाली भूभाग मिच्दै प्रशंग उल्लेख गर्दै हालै विरगञ्ज महानगरपालिकाको छपकैयामा ५० औं विघा जमिन मिचेर सिमास्तम्भ सारिएको घटनाको घोर विरोध एवम् भर्त्सना गरेको छ र यसबारे तुरुन्तै कदम चाल्न सरकारसित जोडदार माग गरेको छ ।

**देजमो चितवनले गऱ्यो विरोध प्रदर्शन**

क्रान्तिकारी माओवादी निकट देशभक्त जनगणतान्त्रिक मोर्चा चितवनले भारतीय पक्षले छपकैयामा मिचेको लगायत हालसम्म मिचेको सबै भूभाग फिर्ता माग गर्दै सरकारविरुद्ध विरोध प्रदर्शन गरेको छ । आइतवार भरतपुरको चौविसकोठीमा पुगेर नेपालको सीमा भारतले मिच्दासमेत सरकारले वास्ता नगरेको भन्दै नाराबाजीसहित विरोध प्रर्दशन गरेको हो । उनीहरूले राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, देशभर मिचिएको नेपाली भूमि फिर्ता गर, भारतीय विस्तारवादद्वारा छपकैयामा कब्जा गरेको भूमि फिर्ता गरलगायतका प्लेकार्डसहित प्रदर्शन गरेका थिए ।

मोर्चाका जिल्ला संयोजक एवम् केन्द्रीय सदस्य अशोक शर्माले देशको जमिन नाप्ने जिम्मा लिएको नापी विभागकै कारण नेपालले एकपछि अर्को ठाउँको जमिन गुमाउँदै जानु परेको आरोप लगाउनु भयो । उहाँले सीमा रक्षाका लागि निरन्तर आन्दोलन गर्ने बताउनुभयो । सरकारले यस्तै रवैया देखाए जनताले फेरि हतियार उठाउने शर्माले चेतावनी दिए ।

नेपालको १ हजार ३ सय वर्ग किलोमिटर जमिन भारतले मिचेको दावी गर्दै त्यसको विरोधमा नेपालमा विभिन्न अभियान सञ्चालन गर्दै आएको छ । वीरगन्ज महानगरपालिका-१, छपकैयामा ३ सय ९२ नम्बरको जंगे पिल्लरअन्तर्गत बन्न लागेका २९ वटा सहायक सीमास्तम्भमध्ये १२ वटा सीमास्तम्भ व्यक्तिगत जग्गामा परेपछि स्थानीय आन्दोलित बनेका छन् ।



माघ २ देखि माघ ८ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# के हो यो 'लोकतान्त्रिक क्रान्तिकारी जनवाद' भनेको ?

**माघ २ गते ।** दक्षिण छिमेकी भारतले नेपाललाई यति सताएको छ कि सम्झिएर ल्याउने हो भने विरक्त लागेर आउँछ । सिमानाका जङ्गे पिलरमा उसैको मनपोली, दैनिक उपभोग्य सामग्रीमा उसैको मनपोली, भूपरिवेष्ठित मुलुक भएकाले नेपालले पाउँनु पर्ने अन्तर्राष्ट्रिय पारवहन सुविधामा उसैको मनपोली, केमा छैन नेपालमा भारतीय हस्तक्षेप ? हुँदाहुँदा धार्मिक क्षेत्रमा पनि हस्तक्षेप गर्न खोजिरहेको समाचार आएको छ । २०७२ साल वैशाख १२ गते नेपालमा आएको विनासकारी भूकम्पले क्षति पुऱ्याएको पशुपतिनाथको मन्दिर मर्मतका लागि प्रधानमन्त्री नरेन्द्र दामोदर मादी नेपाल आएर समवेदनशील हुँदै मन्दिर निर्माण गरिदिने बचनअनुसार त्यो निर्माण पनि भारतकै डिजाइनमा मर्मत गर्नुपर्ने भन्दै गरिएको हस्तक्षेपका कारण अहिलेसम्म पनि काम सुरु हुन पाएको छैन । यो हस्तक्षेपलाई नेपालका पूरातात्विक हेडमास्टरहरूले कसरी हेरेका छन्, आम हिदूधर्मावलम्वीहरू जोखाना हेरेर बसेका छन् ।

**माघ ३ गते ।** 'मेरो गर्धन चिलाएको हो कि जङ्गेका आँखा फुटेका हुन्, यो रुख त बाह्र ठाउँमा बाँङ्गो छ' । यो हरफ नेपालका पुराना शासक जङ्गबहादुरका सिपाहीको हो । भएछ के भने जङ्गबहादुर शिकार खेल्न तराइको जङ्गलमा गएका बेला सिपाहीहरूसँग ठट्टा गर्न मन लागेछ र आफ्ना वरिपरि सिपाहीहरू राखेर अगाडिको एउटा बाङ्गोटिङ्गो रुख देखाउँदै भनेछन्, 'हेर त सिपाही हो यो रुख कति सोझो छ ।' सबै चाकडीमा रमाउने सिपाहीहरूले भने छन्, 'हो सरकार हो ! रुख निकै सोझो छ ।' यी सिपाहीमध्ये एकले खुसुक्क जङ्गेले नसुन्ने गरि भनेछन्, 'जङ्गेका आँखा फुटेका हुन् कि मेरो गर्धन चिलाएको हो, यो रुख त सोह्र ठाउँमा बाँङ्गो छ ।' जङ्गबहादुर के सुन्दैनथे, उनले सिपाहीहरू को कति चाकडीवाज छन् भनेर परीक्षा लिन खोजेका थिए, जुरुक्क उठेर त्यो सिपाहीलाई समात्दै भनेछन्, 'सिपाही भनेको त यस्तो हुनुपर्छ, शासकले जे भन्यो त्यही कुरामा सही थाप्ने ? भन्दै एकपद बढुवा गर्न आदेश दिएछन् । यो प्रसंग यहाँ किन उठाइएको भने भूकम्पले क्षतिग्रस्त ऐतिहासिक दरबार हाइस्कूल चीन सरकारले नयाँ मोडलमा निर्माण गरिदिने, रानीपोखरीको निर्माण अत्याधुनिक तरिकाले निर्माण गरिने र धरहरालाई स्टिलपाताको आधुनिक निर्माण गरिने विषयलाई पूरातात्विक मुसदण्डेहरूले विरोध गरेर निर्माण नै हुन दिएनन्, चीनले त हातै झिकेर फर्किसक्यो । के पूरातात्विक महत्व झल्किने गरी आधुनिकता दिएर क्षति पुगेका संरचनाहरू निर्माण गर्दा के बिग्रन्छ र ? त्यसो भए मरेका आमाबाबुको लास पनि ऐतिहासिक पुरुष भन्दै सजाएर राख्न मिल्दैन !

**माघ ४ गते ।** कुरा बुझियो । वाम गठबन्धनका दुई नम्बरभन्दा तलका नेताहरूले माथिल्ला दर्जाका नेतालाई सुझाव दिएछन्, 'अब बन्ने पार्टीको नाम, 'लोकतान्त्रिक क्रान्तिकारी जनवाद' भनेर राख्नु पर्ने अरे । यो समाचार पढेर म झसङ्ग भएँ । किनभने यी तीनै शव्दको अर्थ आकाश र पाताल, पूर्व र पश्चिम तथा उत्तर र दक्षिणजस्तै लाग्छ । लोकतन्त्रमा क्रान्ति हुँदैन न लोकतन्त्रमा जनवाद नै हुन्छ । क्रान्तिबिना जनवाद आउँदैन, जनवादबिना जनताको शासन आउँदैन । अहिले नियालेर हेरौं, कहाँनेर लोकतन्त्र छ, जनवादको अवस्था कस्तो छ र लोकतन्त्रमा कसले राज गरिरहेको छ ? यो सबै जनतालाई झुक्याउने खेल मात्रै हो, जनताले त यो वाम गठबन्धनलाई भोट दिएका विकल्प नभएर मात्रै हो । होस गर है वाम साथी हो, कांग्रेसी लोकतन्त्रभन्दा वाम लोकतन्त्र फितलो होला र पाँचै वर्षमा सपना चकनाचूर होला ।

**माघ ५ गते ।** 'नेपालमा गणतन्त्र आएपछि द्रूतगतिमा विकासको मूल फुट्छ' भन्ने नेताहरू यतिबेला आएर निराश भएका छन् । अरु त अरु मानव जीवनको रक्तनलीमा परिचित उपत्यकाका सडक विस्तार गर्ने क्रममा देखापरेको सुस्तताले सबैलाई निराश पारिसकेको छ । चक्रपथसँग जोडिने सातवटा नाकाहरूको लम्बाइ जम्माजम्मी पचास किलोमिटर मात्रै छ । यी सात नाका हुन् : त्रिपुरेश्वर–नागढुङ्गा, चावहिल–साँखु, सातदोवाटो–लगनखेल, इमाडोल–गोदावरी, ढोलाहिटी–चापागाउँ, कर्मनाश खोला–हरिशिद्धि, नख्खु–बुङमती, चक्रपथ ज्ञानज्योति–चुनदेवी गणेश मार्ग र पेप्सीकोला–सल्लाघारी । यी मार्गहरू निर्माणमा किन ढिलाई भयो भनी खोजी गर्दा सडक विभाग र ठेकेदारबीचको मिलिभगत र कतिपय ठाउँमा ठेकेदार स्वंयले स्थानीय वासिन्दालाई उक्साएर मुद्दा दायर गराएको प्रमाण भेटिएको छ । संसारमै भ्रष्टाचारले ग्रस्त अदालतमा मुद्दा परेपछि मरेका आमाबाबु पनि जलाउन नपाउने देशमा यस्तै हुन्छ ।

**माघ ६ गते ।** कृष्णप्रसाद कोइरालाका तीन सन्तानका पनि सन्तान, शेखर, शंशाक र सुजाता निकै चिन्तित रहेछन् । अरु कारणले होइन, सत्ताको बिरासत गुमेकोमा उनीहरू चिन्तित भएका रहेछन् । होइन भने यो भन्दा अगाडि कुकुर र विरालाजस्ता यिनीहरू किन एउटै आँगनमा देखापर्थे । बाबुहरूको आसिर्वाद पाएर नेपाली जनताभन्दा माथि उठेका यिनीहरू आर्थिक रूपमा सम्पन्न त हुने नै भए, अब बुढ्यौलीमा पनि मन्त्री र प्रधानमन्त्री हुने सपना बोकेका यिनीहरूलाई गत निर्वाचनमा जनताले नराम्ररी फालिदिएपछि पार्टी सभापति शेरबहादुर देउवाको थाप्लोमा असफलताको पगरी भिराएर आफूहरू अगाडि आउन खोजेका छन् तर नेपाली जनता अरुबेला नजानिँदा भए पनि निर्वाचनमा भने खारिएकै रहेछन्, अब कोइराला परिवारले राजनीतिक सन्यास लिएर काशीवास गए हुन्छ । तीनचार पुस्ता कमाएको सम्पत्तिले व्याज खाएर बस्दा पनि हुन्छ ।

**माघ ७ गते ।** नेपाली कांग्रेसको मैदानमा राजनीति गरेर गणतन्त्र आउने संघारमै भारतको इशारामा मधेशी राजनीतिमा होमिएर पहिलो राष्ट्रपति पद पनि गुमाएका महन्थ ठाकुरलाई हिजोआज परिवारवादले घेरेको रहेछ भन्ने कुरा घामझैं छर्लङ्ग भएको छ । मधेश आन्दोलनमा बलिदान दिएका मधेशीहरूलाई पाखा लगाएर सम्धीलाई प्रान्तीय प्रमुख र सम्धिनीलाई समानुपातिकबाट सांसद बनाएकोमा मधेशीहरू रुष्ट भएको समाचार यतिबेला बजारमा रायोको सागझैं छ्यालव्याल बिक्री भैरहेको छ ।

**माघ ८ गते ।** जे नहोस् भनिएको थियो त्यै भैरहेको छ । राजनीतिक इतिहास बोकेको नेपाली कांग्रेस एकैपटक प्रजापरिषद् जस्तो होला भनेर कसैले सोचेको थिएन तर भैदियो । 'खलासीले चलाएको गाडी खाल्डोतिर हानिन्छ' भनेझैं शेरबहादुरले पार्टी परिचालन गर्न नजाँदा यो अवस्था भएको सबैले स्वीकार गरिरहेका छन् । वि.पी.को छायामा पर्न डराउने र गिरिजाको अगाडि पर्न आत्तिने कांग्रेसीजनहरू देउवाको कठालो समाउन पनि पछि नपर्ने अवस्थामा पुगेका छन् । निर्वाचनपछिको समीक्षा बैठकमा त्यस्तै देखियो । यो नै हो खलासीको हातमा स्टेरिङ भनेको । हुन त कांग्रेसीलाई जनताले भित्रैदेखि मन पराउन छाडेका थिए । यसपालीको निर्वाचनमा सडकमै पुऱ्याएका छन् । हेरौं नयाँ जोगीहरूले कत्तिको खरानी घस्ने हुन् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

**रोयल बुईपा A/C जम्बो हाईस**



**गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**

बसन्त खड्का - ९८४२८३७७९३

- ९८१७७१६९६७

ईन्द्र कट्टेल - ९८१७४१५२९०

**गाईघाट सम्पर्क नम्बर**

फोन नं. ०३५-४२१६४३

पुरुषोत्तम खनाल - ९८५२८३५६९०

- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

रिभर्ज चाहिएमा सम्पर्क

सानोभाई थापा - ९८४४२५२३८५

**सानोभाई फलफूल एण्ड जुस भण्डार**

सिन्धुली जुनार भवन

९८४४०७६२६१

९८०३९२८४३०

**टाटासुमो बोलेरो**

| काठमाडौं फोन | सिन्धुली फोन |
| --- | --- |
| ०१-५१००४९४ | ०४७-५२११६९ |
| ९८४११०६९६७ | ०४७-६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# अभियानको आवश्यकता र महत्व

**यो अभियानको ऐतिहासिक महत्व छ । पार्टी कार्यकर्ताहरूले त्यो आवश्यकतालाई बोध गर्दै पार्टीको अभियान सफल पार्नु पर्नेछ ।**



● प्रेम सुवेदी ●

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को केहि समय पहिले सम्पन्न दोस्रो केन्द्रीय समितिको बैठकले वर्तमान राजनीतिक परिस्थितिको मूल्यांकन गर्दै यतिबेला मुख्य गरेर संगठन निर्माण र जनपरिचालनका लागि तीन महिने अभियान संचालन गर्ने कुरामा मुख्य जोड दिएको छ । पार्टीको पारित प्रस्तावमा भनिएको छ, "यो बेला हामीले सांगठनिक कामलाई विशेष महत्व दिनु पर्दछ । संगठनको अभावमा पार्टीका कुनै पनि काम अगाडि बढ्न सक्दैन । तसर्थ, हामीले विशेष जोड दिनु पर्ने अहिलेको प्रमुख काम हो- संगठन, संगठन र संगठन ।" पार्टीको यो निर्णयलाई कार्यान्वयन गर्न तथा जनताका बीचमा पार्टीको नीतिलाई लैजान सबै तहका पार्टी समिति तथा पार्टी सदस्यहरूले विशेष ध्यान दिनुपर्ने आवश्यकता छ ।

पार्टीको संगठनात्मक अवस्थालाई ध्यान दिएर नै उपरोक्त निर्णय लिएको कुरा सबै कार्यकर्ताहरूमा अवगत नै छ । तसर्थ, यतिवेला पार्टीको सम्पूर्ण शक्ति संगठन निर्माण तथा जनपरिचालन अभियानलाई सफल पार्न जबस-मोर्चाहरूको निर्माण, पार्टी सुदृढीकरण र संघर्षका आधार तयार पार्ने योजनाका साथ चलायमान हुनु पर्दछ । जबसम्म संगठन व्यवस्थित र जनआधारित बन्दैन, तबसम्म पार्टीले निर्णायक संघर्षको भूमिका निर्वाह गर्न सक्दैन । त्यसैले यतिबेलाको प्राथमिकता संगठनको निर्माण र जनपरिचालन नै हो । निश्चय नै संगठनमा रहेका अन्तरविरोधको पहिचान गर्दै संगठनलाई वर्गसंघर्ष तथा राजनैतिक आन्दोलनसँग एकाकार गर्ने कुरामा ध्यान दिनु पर्दछ । ती आन्दोलनको नेतृत्व स्वतःस्फूर्त रूपमा हुन नसक्ने कुरालाई आत्मसात गर्दै पार्टीलाई भौतिक शक्तिको रूपमा विकास गर्नु अहिलेको आवश्यकता हो ।

संगठनको महत्वमाथि प्रकाश पार्दै लेनिनले भनेका छन्, "सत्ता प्राप्त गर्ने संघर्षमा सर्वहारा वर्गसित संगठन सिवाय अर्को कुनै हतियार छैन । पुँजीवादी जगतमा अराजक होडबाजीको शासनबाट छिन्नभिन्न रहेको पुँजीको निमित्त बाध्य भएर गरिने मेहनतबाट थिचिएको बेहद् अभाव बर्बरता र पतनको गहिरो खाल्डोमा जाकिएको सर्वहारा वर्गले तब मात्र एउटा अजेय शक्ति बन्न सक्छ र अनिवार्य रूपमा बन्नेछ, जब मार्क्सवादका सिद्धान्तहरूको आधारमा हुने त्यसको विचारधारात्मक एकतालाई संगठनको भौतिक एकताद्वारा दरिलो बनाइने छ । यस संगठनले लाखौं लाख श्रमिकहरूलाई मजदुरवर्गको सेनामा एकगढ पार्ने छ ।"

लेनिनका यी भनाईले संगठनको महत्व तथा संगठनको भौतिक शक्तिको कति आवश्यक छ भन्ने कुरालाई राम्ररी उद्घाटित गरेको छ । जबसम्म पार्टीले संगठनको भौतिक शक्ति प्राप्त गर्न सक्दैन, तबसम्म राज्यसत्ता प्राप्तिको आन्दोलनले आफ्नो अभिभारा पुरा गर्न सक्दैनन् ।

आज दक्षिणपन्थी संशोधनवादी शक्तिहले कम्युनिष्ट आन्दोलनको नाममा फैलाएको भ्रमलाई भण्डाफोर गर्न तथा क्रान्तिकारी शक्तिलाई गोलबन्द गर्न वैचारिक राजनैतिक तथा संगठनात्मक हिसाबले पार्टीलाई अब्बल बनाउनु पर्ने आवश्यकता बढेर गएको छ । त्यो आवश्यकतालाई पुरा गर्नका लागि हाम्रो पार्टीको यो अभियानको ऐतिहासिक महत्व छ । पार्टी कार्यकर्ताहरूले त्यो आवश्यकतालाई बोध गर्दै पार्टीको अभियान सफल पार्नु पर्नेछ ।

सामान्य रूपमा यो अभियान नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को आन्तरिक विषय जस्तो देखिए पनि यसको महत्व त्यतिमा मात्रैमा सीमित छैन । आजको कम्युनिष्ट आन्दोलनको वैचारिक केन्द्र नै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) भएको पृष्ठभूमिमा यसलाई आन्तरिक विषयको अर्थमा मात्र बुझ्नु हुँदैन । तसर्थ क्रान्तिकारी शक्ति तथा जनतालाई गोलबन्द गर्ने उद्देश्यका साथ यतिबेला संगठन निर्माण र जनपरिचालन अभियानमा केन्द्रीत हुन जरुरी छ ।

## क्रान्तिकारी किसानहरुले अभियान चलाउने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान संघ (क्रान्तिकारी)ले पार्टीको तीन महिने संगठन तथा जनपरिचालन अभियानसँग एकाकार हुँदै आफ्नो संगठनको सबै शक्तिलाई अभियानमा परिचालन गर्ने भएको छ । संगठनको २९ पौषमा सम्पन्न कार्यालयको विस्तारित बैठकले यस्तो निर्णय गरेको अध्यक्ष भूमिश्वर कँडेलले बताउनु भयो । पार्टी महासविच किरण र फ्र्याक्सन इन्चार्ज प्रेस सुवेदीको विशेष उपस्थितिमा सम्पन्न भएको बैठकले स्वदेशी कृषिजन्य वस्तुलाई प्राथमिकतामा दिंदै विदेशी कृषिजन्य वस्तु आयातमा रोक लगाउने, किसानका मागहरुलाई देजमोमार्फत् पेश गर्ने निर्णय गरेको छ । संगठनको नीति विपरीत काम गर्ने जीवन धामी, दुर्गाप्रसाद अधिकारी, इश्वरी घिमिरे, गम्बर सिंह खत्री, राजकुमार आचार्य, शिव ढकाल, दिपक खड्का, घनश्याम दाहाल, उत्तम सिंखडालाई साधारण सदस्य नरहने गरी निष्कासन गरिएको छ । बैठकले माघदेखि चैत्रसम्म प्रदेश, जिल्ला, नगर, गाउपालिका, वार्ड र टोल समितिहरु गठन पुनर्गठन गर्ने निर्णय गरेको छ ।

निर्णय गरेको छ ।

त्यसैगरी, पेशागत संगठनहरूको केन्द्रीय समितिको संयोजकको जिम्मेवारी थपघट गरिएको छ । जसअनुसार पेन्टरमा मोहन पहाडी, सेक्युरिटीमा तेज गुरुङ, उद्योगमा उद्धव गुरुङ, फर्निचरमा केशव सुवेदी, चियामा बालकृष्ण बुढाथोकी, पर्यटनमा देवी गौरी, उर्जा तथा हाइड्रोमा भीम काफ्ले, बैदेशिक रोजगारमा जनक

## भ्रष्टाचारी र घुसखोरीमाथि जनकारबाही गरिने

बुटवल । नेपाल कम्युनिष्ट पार्टी( क्रान्तिकारी माओवादी)का नेताहरूले घुसखोरी र भ्रष्टचारीलाई जनकारवाही गर्ने बताउनु भएको छ । पार्टीका पोलिटव्यूरो सदस्यद्वय प्रेम सुवेदी र केबी गुरुङले जिल्लाका पार्टी नेता कार्यकर्ताहरूलाई प्रशिक्षण दिने क्रममा यस्तो बताउनु भएको हो । क्रान्तिकारी माओवादी,रूपन्देहीको सचिवालयको विस्तारित भेलालाई सम्बोधन गर्दैं गुरुङ र सुवेदीले पार्टीले घोषणा गरेको तीन महिने अभियान सफल पार्न कार्यकर्तालाई निर्देशन दिनु भयो ।

क्रान्तिकारी माओवादीले माघ १ देखि चैत्र मसान्तसम्म पार्टी संगठन विस्तार,सुदृढीकरण र जनपरिचालन अभियान शुरु गरेको छ । अभियानका क्रममा रूपन्देहीको भेलामा बोल्दैं नेता द्वयले संसदवादी दलहरूको भण्डाफोर, राष्ट्रियता,जनतन्त्र र जनजीविकाको लागि पार्टीले संघर्ष गर्ने बताउंनुभयो । क्रान्तिकारी माओवादी रूपन्देही संयोजक भुलबहादुर सुनारीको अध्यक्षता, सचिवालय सदस्य केजी कुमार पौडेको सञ्चालनमा सम्पन्न भएको भेलामा पार्टी नेता लक्ष्मीकान्त पौडेल,खुमानन्द भुसाल लगायतले बोल्नुभएको थियो ।

चौलागाई, थांकामा फुर्नाम्गेल मुक्तान रहने निर्णय गरिएको छ ।

बैठकमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य' किरण' फ्र्याक्सन इन्चार्ज दिनेश शर्मा' सागर' लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

### तीन पार्टीसँग...

ठोस विषयमा कार्यगत एकता गरी संयुक्त रूपमा संघर्षमा जानका लागि आवश्यक तयारी गर्ने निर्णय पनि लिएको वक्तव्यमा उल्लेख छ ।

वक्तव्यमा लामो समयदेखि भारतीय शासक वर्गले सीमा क्षेत्रका सुस्ता, महेशपुर, कालापानी लगायत विभिन्न ठाउँमा विशाल मात्रामा नेपाली भूभाग मिचेको प्रशंग उल्लेख गर्दै हालै विरगञ्ज महानगरपालिकाको छपकैयामा ५० औं विघा जमिन मिचेर सिमास्तम्भ सारिएको घटनाको घोर विरोध एवम् भर्त्सना गरेको छ र यसबारे तुरुन्तै कदम चाल्न सरकार सित जोडदार माग गरेको छ ।

## यातायात मजदुरको जिल्ला भेला सम्पन्न

चितवन । यातायात मजदुरहरूको एक भेलाले अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघको चितवन जिल्ला समिति निर्माण गरेको छ । ४ माघमा भएको उक्त भेलाले सन्तोष गुरुङको संयोजकत्वमा २४ सदस्यीय रहने गरी जिल्ला समिति निर्माण गरेको हो । उक्त जिल्ला समितिका सदस्यहरूमा सुवास तामाङ, मनोज लामा, प्रकाश कँडेल, चक्र थापा मगर, सोनु लामा, जीवन श्रेष्ठ, गौरव पाण्डे, विशाल घले, केशव थापा, शम्भू खड्का, विकास सुनार, प्रकाश देवकोटा, महेश कुमार गुरुङ, भोला महर्जन, राजन ठकुरी, नन्दन घले, अरुण लामा, गम्भीर विक, हेमन्त अधिकारीलगायत रहेका छन् ।

उक्त भेलालाई नेकपा (क्रान्तिकारी माओवादी)का चितवन जिल्ला फ्र्याक्सन इन्चार्ज विकास, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका नेता अशोक शर्मा, विध्यार्थी नेता अमृत चापागाईले नवगठित कमिटिलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

जुटेको नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला जिल्लामा अभियानको तयारी गरिरहेको छ । १ नं. प्रदेशका सचिव अग्नीज्वालाले दिएको जानकारी अनुसार प्रदेश अन्तर्गतका जिल्लाहरूमा बैठक प्रशिक्षण भइरहेका छन् । प्राप्त जानकारी अनुसार माघ ८-९ गते उदयपुर, ११-१२ मा ओखलढुंगा, १४-१४ मा खोटाङ, १४ मा सुनसरी, १५-१६ मा मोरङका जिल्ला पार्टीका बैठक प्रशिक्षणहरू राखिएका छन् भने जबस मोर्चाका प्रदेश स्तरका कमिटिहरूको बैठकहरू सम्पन्न हुने क्रममा छन् । शुक्रबार मात्र आरवाइएलको प्रदेश भेला सम्पन्न गरिएको छ ।

त्यसैगरी ४ नं. प्रदेशका कास्की, गोरखा, वाग्लुङ लगायतका जिल्लाहरूका बैठक सम्पन्न गरी अभियानको तयारीलाई घनिभूत पारिएको पोखराबाट हाम्रा संवाददाताले समाचार पठाएका छन् ।

उता ५ नं. प्रदेशका बाँके बर्दियाको संयुक्त प्रशिक्षण ८ गते हुँदैछ । गुल्मी, पाल्पा, रूपन्देही, नवलपुर, नवलपरासीलगायतका जिल्लाहरूमा बैठक प्रशिक्षण सम्पन्न भएका छन् ।

त्यसैगरी ६ नं. प्रदेशमा २८ र २९ गते प्रदेशको बैठक प्रशिक्षण सम्पन्न भयो । स्थायी समिति सदस्य प्रतीकको प्रमुख आतिथ्यतामा सम्पन्न भएको बैठकले अभियानलाई तीव्रता दिने र जबस मोर्चाको भेला प्रशिक्षण सम्पन्न गर्ने निर्णय गरेको छ ।

उता ७ नं. प्रदेशका कैलाली र कंचनपुरमा बैठक सम्पन्न भएका छन् भने प्रदेश राजधानीको माग गर्दै भएका आन्दोलनका कारण अन्य जिल्लाका बैठकहरू प्रभावित हुन पुगेका छन् ।

### नेवा...

कमिटीहरू गठन, पुनर्गठन गर्ने निर्णय गरेको छ । चैत्र मसान्तसम्म मोर्चाका सबै जिल्लाहरूको भेला सम्पन्न गर्ने, असार मसान्तसम्म प्रदेशस्तरीय भेलाहरू सम्पन्न गर्ने, भाद्र मसान्तसम्म मोर्चाको केन्द्रीय सम्मेलन गर्ने निर्णय गरिएको मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठले जानकारी दिनुभयो ।

### क्रान्तिकारी ट्रेड...

गते, ४ नं. प्रदेश माघ २१ गते, ५ नं. प्रदेश माघ २३ गते भेला सम्पन्न गर्ने निर्णय गरेको छ भने ६ नं./७ नं. प्रदेश सम्बन्धित प्रदेश पार्टीसँग सुझाव लिई केन्द्रीय कार्यालयले टुङ्गो लगाउने

### क्रान्तिकारी...

पोलिटब्यूरो सदस्य अग्नीज्वालाले युवाहरू इतिहासका चालक शक्ति भएको भन्दै क्रान्तिका संवाहक शक्ति भएकाले क्रान्तिकारी युवाहरूको सहभागिताविना नयाँ जनवादी क्रान्तिको कल्पना पनि गर्न नसकिने बताउनु भयो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको भयावह स्थितिको समाधानका नयाँ जनवादी क्रान्ति अनिवार्य हुन पुगेको प्रसंग उल्लेख गर्दै उहाँले सचेत र जागरुक युवाहरू क्रान्तिको महान अभियानमा लाग्नुपर्ने बताउनु भयो ।

आरवाइएलका अध्यक्ष अमीर महर्जनले भ्रष्टाचारी, कालोबजारी, घुसखोरी र राष्ट्रघाती तत्वहरूका विरुद्ध क्रान्तिकारी युवाहरू सशक्त रूपमा लाग्नुपर्ने आवश्यकता टड्कारो बनिसकेको चर्चा गर्दै उहाँले युवाहरूलाई संगठित भएर अगाडि बढ्न आव्हान गर्नुभयो ।

क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यहरू मीनकुमार, मनोज श्रेष्ठ, गणेश कटुवाल, सिताराम बुढाथोकी, हरिकृष्ण गजुरेललगायतका नेताहरूको उपस्थिति रहेको उक्त भेलाले रविन लिम्बुको संयोजकत्वमा १९ सदस्यीय आरवाइएलको १ नं. प्रदेश कमिटि गठन गरेको छ । उक्त कमिटिका सदस्यहरूमा सन्तोष ढकाल, दिपु शर्मा, गुम्बराज लिम्बु, कुलबहादुर श्रेष्ठ, नरेश राउत, विनय बोहरा, जलन रावल, जीवन श्रेष्ठ, अनिल राई, रविन दुलाललगायत रहेका छन् ।

### जिल्ला–जिल्लामा...

विभाजन गरी अभियान चलाउने निर्णय गरेको प्रदेश पार्टीले अभियानका क्रममा ०७४ पौष २१ गते चितवनको बैठक सम्पन्न गऱ्यो । चितवन जिल्लाले पनि जिल्लालाई ३ भागमा विभाजन गरी अभियान संचालन गर्ने निर्णय गरेको छ । ०७४ पौष २४ गते सिन्धुपाल्चोकको बैठक बस्यो । बैठकले जिल्लालाई दुईभागमा विभाजन गरी अभियान संचालन गर्ने निर्णय गऱ्यो ।

त्यसैगरी ०७४ पौष २७ गते धादिङ जिल्ला र रामेछाप जिल्लाको बैठक सम्पन्न भए । धादिङलाई तीन क्षेत्रमा विभाजन गरी अभियान चलाउने र रामेछापमा एउटै अभियान टिम निर्माण गरी अभियान चलाउने निर्णय गरियो ।

०७४ पौष २९/३० मा नुवाकोट, रसुवा र दोलखाको बैठक बस्यो । नुवाकोटलाई तीन क्षेत्रमा, रसुवालाई एउटा क्षेत्रमा र दोलखामा एउटा क्षेत्रमा केन्द्रीत गरी अभियान संचालन गर्ने निर्णय गरियो ।

त्यसैगरी ०७४ माघ ४/५ सिन्धुली जिल्लाको बैठक बसी अभियान संचालनको निर्णय गरियो भने ०७४ पौष २८/२९ मा भक्तपुर जिल्लाको बैठक सम्पन्न गरी अभियान संचालन गर्ने निर्णय गरियो । ०७४ पौष २५/२६ मा ललितपुर जिल्लाको बैठक बसि अभियान संचालन गर्ने निर्णय गरियो ।

०७४ माघ ५/६ मा काठमाडौं जिल्लाको बैठक बसी जिल्लालाई तीन भागमा विभाजन गरी अभियान संचालन गर्ने निर्णय गरियो ।

**अन्य प्रदेशमा पनि चलिरहेको छ अभियानको तयारी**

'संगठन, संगठन र संगठन' नारासहित संगठन तथा जनपरिचालनको अभियानमा








**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटो: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।